बोलपत्र फारमको सि.नं.
बोलपत्र फारम दस्तुर. रु.६,०००।००
(फिर्ता नहुने)

# साधारण राशन/विरामी डाईट खरिदको बोलपत्र सम्बन्धी कागजात

## आ.ब.०७३/७४

शिलबन्दी वा विद्युतिय बोलपत्र (**E-Bidding**) आव्हानको सूचना नं.०४

**जारी गर्नेः**

श्री नं.२६ बाहिनी अड्डा
भकुण्डेबेशी व्यारेक काभ्रेपलान्चोक
२०७३ आश्विन

# ध्यानाकर्षण

प्रत्येक बोलपत्रदाताले आफूले खरिद गरेको बोलपत्र दाखिला गर्नु भन्दा अगाडी यस बोलपत्रको सम्पूर्ण पृष्ठहरुमा उल्लेख भएका निर्देशन, प्रत्येक बुंदा, शर्त, नमूनाको रुपमा प्रेशित फारमहरुमा उल्लेखित व्यहोरा राम्रोसंग अध्ययन गरी सम्झि, बुझि वोलपत्रदाताले भर्नुपर्ने भनि वोलपत्रमा निर्देशन गरिएका सम्पूर्ण विवरण तथा संलग्न गर्न निर्देशन गरिएका प्रमाण(पत्र एवं कागजातहरु समेत नछुटाई संलग्न गरी बोलपत्रमा भर्नुपर्ने बिवरणहरु भरी बोलपत्र दाखिला गर्नु हुन र उल्लेखित सम्पूर्ण कागजातहरु मध्ये कुनै कागजात संलग्न नगरिएको तथा बिवरण नभरिएको वोलपत्र कानूनतः मान्य नहुने ब्यहोरा समेत विनम्र अनुरोध गरिन्छ ।

*श्री नं. २६ बाहिनी अड्डा, भकुण्डेवेशी,*

*काभ्रेपलाञ्चोक ।*

# बिषय - सुची

| बिषय | | पेज नं. |
| --- | --- | --- |
| खण्ड- १ | | |
| १. | बोलपत्र आव्हानको सुचना | ३ - ६ |
| खण्ड- २ | | |
| २. | बोलपत्रदातालाई निर्देशन | ७ - १६ |
| खण्ड- ३ | | |
| ३. | बोलपत्र तथ्याङ्क सम्वन्धि विवरण | १७ - २२ |
| खण्ड- ४ | | |
| ४. | नमुना फारामहरु | २३ - ३१ |
| खण्ड- ५ | | |
| ५. | सम्झौताका सामान्य सर्तहरु | ३२ - ३५ |
| खण्ड- ६ | | |
| ६. | सम्झौताका बिषेश सर्तहरु | ३६ - ३८ |
| खण्ड- ७ | | |
| ७. | प्राविधिक विवरण (Technical specition) | ३९ - ४९ |
| खण्ड- ८ | | |
| ८. | राशनको आवश्यकता सम्वन्धि तालिका | ५० - ५१ |
| खण्ड- ९ | | |
| ९. | बोलपत्र दाखिला विवरण तथा राशनको परिमाण सहितकको मुल्य सुचि | ५२ - ५५ |
| खण्ड- १० | | |
| १०. | जमानत फारामहरु | ५६ - ५८ |

# खण्ड- १

## राशन, इन्धन र परिवहन महाशाखा

## जंगी अड्डा, काठमाण्डौंको

## साधारण राशन/विरामी डाईट/दानाघाँस/डग राशन आपूर्ति सम्बन्धी

## सिलबन्दी वा विद्युतिय बोलपत्र (E-Bidding) आव्हानको

## सूचना नं.४

(प्रथम पटक प्रकाशित मिति २०७३/०६/२० गते)

नेपाली सेनाको सम्पूर्ण युनिटहरुको लागि २०७३ साल माघ १ गतेदेखी २०७४ साल पौष मसान्ततक् वर्ष १ (एक) को निमित्त आवश्यक पर्ने साधारण राशन, वीरेन्द्र अस्पताल, फिल्ड अस्पताल, सैनिक पूनर्स्थापना केन्द्र र विभिन्न फि.ए.हरुमा उपचारार्थ वेड भर्ना हुने बिरामीहरुको लागि आवश्यक पर्ने विरामी डाईट तथा विभिन्न युनिटहरुमा रहेका जनावरहरुको लागि आवश्यक पर्ने दानाघाँस र डग राशनको जिल्लागत रुपमा बोलपत्रको माध्यमद्धारा देहाय बमोजिमका जिम्मेवारी तोकिएका युनिटहरुबाट बार्षिक ठेक्का बन्दोवस्त गराउनु पर्ने भएको हुँदा तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही देहायमा उल्लेखित प्रमाणपत्र तथा कागजातहरु सहित सिलवन्दी वा विद्युतीय बोलपत्र (**E-Bidding**) पेश गरि उक्त ठेक्का लिन ईच्छुक व्यक्ति/फर्म/संस्था वा कम्पनीहरुको लागि यो बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

### तपशिल

१. **ठेक्का बन्दोवस्त गराउन जिम्मेवारी तोकिएका विभिन्न जिल्ला स्थित युनिटहरुः**

(१) श्री पूर्वी पृतना हे.क्वा., ईटहरी व्यारेक, सुनसरी (२) श्री मध्य पृतना हे.क्वा, सुपारेटार व्यारेक, मकवानपुर (३) श्री उपत्यका पृतना हे.क्वा., नारायणहिटी, काठमाण्डौ (४) श्री पश्चिम पृतना हे.क्वा., बिजयपुर व्यारेक, कास्की (५) श्री मध्य पश्चिम पृतना हे.क्वा., निमारे व्यारेक, सुर्खेत (६) श्री सुदुर पश्चिम पृतना हे.क्वा., राजपुर व्यारेक, डोटी (७) श्री नं.२ बाहिनी अड्डा, हिले व्यारेक, धनकुटा (८) श्री नं.३ बाहिनी अड्डा, खैरेनीटार व्यारेक, तनहुँ (९) श्री नं.४ बाहिनी अड्डा, ईमामनगर व्यारेक, नेपालगञ्ज बाँके (१०) श्री नं.५ बाहिनी अड्डा, तेघरी व्यारेक, कैलाली (११) श्री नं.६ बाहिनी अड्डा, बैरेनी व्यारेक, धादिङ (१२) श्री नं.९ बाहिनी अड्डा, माझीटार व्यारेक, सिन्धुली (१३) श्री नं.१८ बाहिनी अड्डा, गाईघाट व्यारेक, उदयपुर (१४) श्री नं.१९ बाहनी अड्डा, तुल्सीपुर व्यारेक, दाङ (१५) श्री नं.२१ बाहिनी अड्डा, तोपगाछी व्यारेक, झापा (१६) श्री नं.२२ बाहिनी अड्डा, रामनगर व्यारेक, रुपन्देही (१७) श्री नं.२३ बाहिनी अड्डा, बाग्लुङ व्यारेक, बाग्लुङ (१८) श्री नं.२४ बाहिनी अड्डा, देवलडाँडा व्यारेक, जुम्ला (१९) श्री नं.२५ बाहिनी अड्डा, महेन्द्रनगर व्यारेक, कञ्चनपुर (२०) श्री नं.२६ बाहिनी अड्डा, भकुण्डेवेशी व्यारेक, काभ्रेपलाञ्चोक (२१) श्री आर्टिलरी निर्देशनालय, लगनखेल व्यारेक, ललितपुर (२२) श्री अर्जुनबाण गण, थलाहा व्यारेक, मोरङ (२३) श्री नयाँ गोरख गण, सिरहा व्यारेक, सिरहा (२४) श्री कृष्णदल गण, राजविराज व्यारेक, ससरी (२५) श्री कालीध्वज गण, गढिथुम्का व्यारेक, ईलाम (२६) श्री रणबम गण, भोजपुर व्यारेक, भोजपुर (२७) श्री भैरवीदल गण, ओदिनडाँडा व्यारेक, पाँचथर (२८) श्री शम्शेरदल गण, ओखलढुङ्गा व्यारेक, ओखलढुङ्गा (२९) श्री शेर गण, दिक्तेल व्यारेक, खोटाङ (३०) श्री दि फेमश महिन्द्रदल गण, भरतपुर व्यारेक, चितवन (३१) श्री बरख गण, विरगञ्ज व्यारेक, पर्सा (३२) श्री श्रीनाथ

गण, देवीघाट व्यारेक, नुवाकोट (३३) श्री रणशेर गण, नवलपुर व्यारेक, सर्लाही (३४) श्री फष्ट रैफल गण, प्रकौली व्यारेक, महोत्तरी (३५) श्री गोरखनाथ गण, महेन्द्रनगर व्यारेक, धनुषा (३६) श्री नन्दाबक्स गण, रामेछाप व्यारेक, रामेछाप (३७) श्री रणभीम गण, चरिकोट व्यारेक, दोलखा (३८) श्री नारायणदल गण, धुन्चे व्यारेक, रसुवा (३९) श्री इन्द्रबक्स गण, गौर व्यारेक, रौटहट (४०) श्री चन्दननाथ गण, कलैया व्यारेक, बारा (४१) श्री पशुपति प्रसाद गण, वेशीशहर व्यारेक, लमजुङ (४२) श्री रणसिंहदल गण, नाम्जालीडाँडा व्यारेक, गोरखा (४३) श्री सबुज गण, सन्धीखर्क व्यारेक, अर्घाखाँची (४४) श्री कालीजंग गण, गोरसिंहिया व्यारेक, कपिलबस्तु (४५) श्री चण्डी प्रसाद गण, नागपोखरी व्यारेक, पाल्पा (४६) श्री बज्रदल गण, परासी व्यारेक, नवलपरासी (४७) श्री भीमदल गण, जोमसोम व्यारेक, मुस्ताङ (४८) श्री रणशार्दुल गण, ठाकुरद्धारा व्यारेक, बर्दिया (४९) श्री गोरखबक्स गण, खलंगा व्यारेक, प्युठान (५०) श्री भैरव प्रसाद गण, खलंगा व्यारेक, सल्यान (५१) श्री ज्वालादल गण, खलंगा व्यारेक, जाजरकोट (५२) श्री खड्गदल गण, लिवाङ व्यारेक, रोल्पा (५३) श्री देवीदल गण, मुसिकोट व्यारेक, रुकुम (५४) श्री गोरख बहादुर गण, चौतारा व्यारेक, सिन्धुपाल्चोक (५५) श्री वीरदल गण, सूर्यविनायक व्यारेक, भक्तपुर (५६) श्री दुर्गाबक्स गण, मंगलसेन व्यारेक, अछाम (५७) श्री गरुडदल गण, डडेल्धुरा व्यारेक, डडेल्धुरा (५८) श्री इन्द्रदल गुल्म, म्याङलुङ व्यारेक, तेह्रथुम (५९) श्री श्रीदल गुल्म, खाँदवारी व्यारेक, संखुवासभा (६०) श्री नयाँ रणभीम गुल्म, तोक्मेडाँडा व्यारेक, ताप्लेजुङ (६१) श्री अमरदल गुल्म, सल्लेरी व्यारेक, सोलुखुम्बु (६२) श्री श्रीबक्स गुल्म, वेनी व्यारेक, म्याग्दी (६३) श्री शम्शेर गुल्म, स्याङ्जा व्यारेक, स्याङ्जा (६४) श्री गुरु गोरख गुल्म, धागीथुम व्यारेक, गुल्मी (६५) श्री केवलजंग गुल्म, चामे व्यारेक, मनाङ (६६) श्री रणदल गुल्म, कुस्मा व्यारेक, पर्वत (६७) श्री समरशुर गुल्म, काडाँचौर व्यारेक, दैलेख (६८) श्री रणशुर गुल्म, मान्मा व्यारेक, कालीकोट (६९) श्री नयाँ भैरवीदल गुल्म, रानीवन व्यारेक, हुम्ला (७०) श्री कालीदत्त गुल्म, शुलीगार्ड व्यारेक, डोल्पा (७१) श्री दुर्गाभञ्जन गुल्म, हुटु व्यारेक, मुगु (७२) श्री समरजीत गुल्म, मार्तडी व्यारेक, बाजुरा (७३) श्री संग्राम शार्दुल गुल्म, पानकोट व्यारेक, बझाङ (७४) श्री दुर्गादल गुल्म, खलंगा व्यारेक, दार्चुला (७५) श्री शत्रुमर्दन गुल्म, गढी व्यारेक, बैतडी (७६) श्री वीरेन्द्र अस्पताल (विरामी डाईट तर्फ), छाउनी काठमाण्डौं (७७) श्री भैरव वाहन गुल्म (डग राशन तर्फ), सानोठिमी व्यारेक, भक्तपुर

२. आपूर्ति गर्नु पर्ने (साधारण राशन, बिरामी डाइट, दानाघाँस र डग राशन) सामग्रीको किसिम, स्पेशिफिकेशन, गुणस्तर र स्केल, बार्षिक परिमाण, बोलपत्र दस्तुर, बोलपत्रसाथ अनिवार्य रुपमा पेश गर्नुपर्ने नागरिकता, फर्म दर्ता, व्यवसाय दर्ताको इजाजत, कर चुक्ता, स्थायी लेखा नम्वर (प्यान) र मु.अ.कर दर्ताको प्रमाणपत्रहरु, लिखित घोषणापत्र, संयुक्त उपक्रम, बोलपत्र जमानत, Line Of Credit, राशन आपूर्तिको अनुभव, पेश गर्नुपर्ने नमूना आइटम, गुणस्तर परीक्षण गराई प्रतिवेदन पेश गर्नुपर्ने नमूना आईटमको साथै बोलपदाताले पालना गर्नुपर्ने सामान्य तथा विशेष शर्तहरु, स्वीकृत आपूर्तिकर्तासंग खरिद सम्झौता भएपछि उपलब्ध हुने अग्रिम पेश्की, मासिक भुक्तानी र भुक्तानी गर्दा कट्टा एवं थप गरिने कर तथा धरौटी रकम, सम्झौता उल्लंघन भएमा हुने कारवाही सम्बन्धी विवरणहरु सम्बन्धित ठेक्का बन्दोबस्त गराउने जिम्मेवारी तोकिएका सार्वजनिक निकायहरु (युनिट) बाट जारी हुने बोलपत्र सम्बन्धी कागजातमा स्पष्ट रुपमा उल्लेख गरिएको छ ।

३. बोलपत्र फारामहरु सम्बन्धित ठेक्का बन्दोबस्त गराउने जिम्मेवारी तोकिएको स्थानीय सार्वजनिक निकाय (युनिट) हरुको मुख्य प्रवेशद्धार (मुलगेट), स्थानीय जिल्ला प्रशासन कार्यालय र स्थानीय कोष तथा लेखा नियन्त्रकको कार्यालय र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४८ (२) बमोजिम सूचना प्रकाशित भएको मितिदेखि २०७३/०७/२२ गतेको कार्यालय समय सम्म (विदाको दिन बाहेक) तोकिएको बोलपत्रको दस्तुर (पछि फिर्ता नहुने गरि) तिरी खरिद गर्न र E-Bidder हरुले आफुले Bid गर्न चाहेको युनिटबाट बोलपत्र

सम्बन्धी कागजातमा उल्लेख गरेको राजश्व खाता नं. मा तोकिएको दस्तुर दाखिला गरेको भौचर Upload गर्नु पर्नेछ ।

४. खरिद गरेको बोलपत्र ठेक्का बन्दोबस्त गर्ने सम्बन्धित सार्वजनिक निकायमा निम्नानुसार दर्ता र खोल्ने कार्य गरिनेछ ।

(क) <u>दर्ताः</u>- खरिद गरेको मितिदेखि मिति २०७३/०७/२३ गतेको १२०० बजेसम्म ।

(ख) <u>खोल्ने कार्यः</u>- मिति २०७३/०७/२३ गतेको १३०० बजे ।

५. <u>शिलबन्दी बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुले ध्यान दिनु पर्ने कुराहरुः</u>

(१) कुनै बोलपत्रदातालाई बोलपत्र खरिद गर्न वा दाखिला गर्नको लागि सुरक्षाको आवश्यक परेमा सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को उपदफा (७) बमोजिम त्यस्तो सुरक्षाको व्यवस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयसंग माग गर्न सकिनेछ ।

(२) यो ठेक्का नेपाली नागरिकलाई मात्र प्रदान गरिनेछ र ठेक्का अवधी भर मुल्य बृद्धि दिईने छैन ।

(३) सार्वजनिक खरिद ऐन २०६३ को दफा २४ बमोजिम रीत नपुगेको बोलपत्र उपर कारवाही गरिने छैन ।

(४) कार्यालयमा दाखिला भएको बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नियमानुसार अधिकार प्राप्त सम्बन्धित अधिकारीमा पूर्ण रुपमा सुरक्षित रहनेछ ।

(५) बोलपत्रदातालाई बोलपत्र सम्बन्धी कागजात वा अन्य यस्तै कुरा सम्बन्धी थप जानकारी गराउन ठेक्का बन्दोबस्त गराउने प्रत्येक सार्वजनिक निकाय (युनिट) हरुबाट मिति २०७३/०७/११ गतेको १३०० बजे बोलपत्र पेश गर्नु पूर्वको बैठकको आयोजना हुने भएकोले बोलपत्रदाताहरुलाई उक्त मिति पूर्वनै बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सुझाव गरिन्छ ।

(६) यस सूचनालाई नेपाली सेनाको Web Site **<u>www.nepalarmy.mil.np</u>** र सार्वजनिक खरिद अनुगमन कार्यालयको Web Site **<u>www.ppmo.gov.np</u>** मा समेत राखिएको छ । साथै छनौट भएको बोलपत्रदातालाई ठेक्का स्वीकृत गर्ने आशय र अन्य बोलपत्रदातालाई छनौट भएका बोलपत्रदाताको नाम, ठेगाना र रकमको जानकारी नेपाली सेनाको उक्त Web Site तथा e-mail बाट जानकारी गराईने छ ।

६. <u>विद्युतिय बोलपत्र (E-Bidding) प्रयोग गर्ने बोलपत्रदाताहरुले ध्यान दिनु पर्ने कुराहरु</u>

(१) विद्युतीय बोलपत्र (E-Bidding) प्रणाली अवलम्बन गर्ने E-Bidder हरुले आफुले Bid गर्न चाहेको सम्बन्धित युनिटको सूचना तथा बोलपत्र सम्बन्धी कागजात website **<u>eproc.nepalarmy.mil.np</u>** मा गई Sign up गरि आफ्नो User Name र Password Create गरि Download गर्न सकिनेछ ।

(२) E-Bidder हरुले सूचना र बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित प्रकृया र शर्तहरुको परिधि भित्र रहि Bid गर्नु पर्नेछ ।

(३) विद्युतिय बोलपत्र E-Bidding मार्फत सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र दाखिला गर्न तोकिएको अन्तिम मितिको १२०० बजेसम्ममा माग अनुसारको प्रत्येक आईटमको नमुना ठेक्का बन्दोवस्त गर्ने सम्बन्धित युनिटमा पेश गरि सक्नु पर्नेछ । तोकिएको अवधीभित्र नमुना पेश नगरि E-Bidding मार्फत Document मात्र Submission गरिएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(४) E-Submission गर्न चाहने Bidder हरुलाई Download, Upload र Submission सम्बन्धि अन्य प्रकृयाबारे बोलपत्रमा उल्लेख गरिएको छ ।

७. एक बोलपत्रदाताले शिलवन्दी बोलपत्र वा विद्युतिय बोलपत्र (E-Bidding) प्रणाली मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्नेछ । दुवै प्रणाली प्रयोग गरि बोलपत्र पेश गरेमा त्यस्ता बोलपत्र स्वतः रद्द हुनेछन ।

८. शिलवन्दी वा E-Bidding गर्न चाहने बोलपत्रदाताले सो सम्बन्धी अन्य थप जानकारी लिन चाहेमा समयमै ठेक्का बन्दोबस्त गर्ने सम्बन्धित युनिट (व्यारेक) मा आफै उपस्थित भई वा फोन सम्पर्क गर्न सूचित गरिन्छ ।

९. बोलपत्रदाताहरुले अनिवार्य रुपमा पालना गर्नु पर्ने शर्त, संलग्न गर्नु पर्ने प्रमाण-पत्र एवं कागजातहरुको सम्बन्धमा यस सूचना र यसै सूचनासंग सम्बन्धित बोलपत्र सम्बन्धि कागजातमा उल्लेख गरिएको सम्पूर्ण कुराहरुमा सोही बमोजिम र अन्य कुराका हकमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन अध्यादेश २०७३) र सार्वजनिक खरिद नियमावली २०६४ (तेश्रो संशोधन २०६८ सहित) अनुसार हुनेछ ।

# खण्ड-२
# बोलपत्रदातालाई निर्देशन
# (Instruction to Bidder)

| | |
|---|---|
| **१. खरिद गरिने विषयको क्षेत्र** | **१.१** यस बोलपत्र सम्बन्धी कागजातमा संलग्न स्पेशिफिकेशन र परिमाणको सूचि अनुसारको **साधारण राशन/बिरामी डाईट** खरिद गर्नु परेकोले यो बोलपत्र आव्हान गरिएको छ। सफल बोलपत्रदाताले **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख भए बमोजिम **साधारण राशन/बिरामी डाईट** आपूर्ति गर्ने तथा त्यससंग सम्बद्ध सेवा प्रदान गर्नुपर्नेछ। |
| **२. लागू हुने अवस्था :** | २.१ खरिद सम्झौताका अन्य भागमा उल्लेख गरिएका कुराहरुले कुनै परिवर्तन गरेको अवस्थामा बाहेक खरिद सम्झौताको सामान्य तथा विशेष शर्तमा उल्लेख भएका कुराहरु लागू हुनेछन्। |
| **३. खरिद सम्झौताको प्रयोग :** | **३.१** आपूर्तिकर्ताले खरिद सम्झौता सम्बन्धी विषयका कुनै कुरा, त्यसमा रहेका कुनै प्रावधान, मालसामानको स्पेशिफिकेशन, आदिका सम्बन्धमा खरिदकर्ताको पूर्व लिखित स्वीकृति वेगर आपूर्तिकर्ताको तर्फबाट यसै काममा संलग्न हुने व्यक्ति बाहेक अरु कसैलाई जानकारी दिनु हुँदैन। |
| **४. बोलपत्रदाताको ग्राह्यता :** | ४.१ बोलपत्रको सूचना बमोजिम बोलपत्र पेश गर्न **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेखित प्रमाण कागजातहरु पेश गर्ने सबै आपूर्तिकर्ताहरु कानून बमोजिम ग्राह्य भएको मानिनेछ। |
| **५. बोलपत्रदाताको योग्यता :** | **५.१** **साधारण राशन/विरामी डाईट** खरिद बन्दोबस्तको कारवाहीमा सहभागी हुने बोलपत्रदाताले बोलपत्र स्वीकृत भएपछि खरिद सम्झौताको लागि उपस्थित हुदां पेश गर्नुपर्ने कागजातहरु:<br>१) सफलतापूर्वक खरिद सम्झौता कार्यान्वयन गर्न सक्षमता रहेको कागजात।<br>२) बोलपत्रसाथ पेश गरे बमोजिमको राशन नमूना एकल वा समुहमा आवद्ध सम्पूर्ण युनिटहरुलाई पुग्ने गरि आवश्यक सेट।<br>३) कार्य सम्पादन जमानत<br>४) सम्बन्धित फर्म/संस्था/कम्पनीको आधिकारीक पत्र।<br>५.२ बोलपत्रदाताले पेश गरेको योग्यता सम्बन्धी विवरण तथ्यगत रुपमा झुठा वा सारभुत रुपमा अपुरो भएको पाइएमा सार्वजनिक निकायले कुनै पनि समयमा त्यस्तो बोलपत्रदातालाई अयोग्य ठहराउन सक्नेछ।<br>५.३ बैक वा वित्तिय संस्थाको ऋण नतिरी वा अन्य कुनै कारणबाट प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले कालो सूचीमा राखेको व्यक्ति/फर्म/संस्था/कम्पनीले त्यस्तो सूचिमा कायम रहेको अवधीभर यस खरिद कारवाहीमा भाग लिन सक्ने छैन।<br>५.४ आपूर्तिकर्ताले आफुले कवोल गरेको रकमबाट हुने कुल बार्षिक रकमको २५ प्रतिशतका दरले हुने रकम बरावरको नेपाल राष्ट्र बैंकबाट "क" बर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट सम्बन्धीत ठेक्का बन्दोबस्त गर्ने सार्वजनिक निकायको नाममा जारी भएको आर्थिक श्रोत खुलेको (Line Of Credit) सक्कल कागजात बोलपत्रसाथ पेश गर्नुपर्नेछ।<br>५.५ विगतमा सुरक्षा निकायहरुमा राशन ठेक्का प्राप्त गरी आपूर्तिको अनुभव हासिल गरेका फर्म/संस्था/कम्पनीहरुले ५.४ मा उल्लेख भएको Line Of Credit को अतिरिक्त सहज र निरन्तर रुपमा गुणस्तरीय राशन आपूर्ति हुन्छ भन्ने विश्वसनियताको आधार र प्रत्याभूतिको लागि बोलपत्रको साथमा यस अघि नेपाली सेनाको राशन ठेक्का गरेको मध्ये अन्तिम वर्षमा नेपाली सेनाको लागि जिल्लागत रुपमा ठेक्का बन्दोवस्त गर्न जिम्मेवारी तोकिएको जुन युनिटको ठेक्कामा भाग लिने हो सोही युनिटबाट र नेपाली सेनामा राशन आपूर्ति नगरी अन्य सुरक्षा निकायहरुमा मात्र राशन आपूर्ति गरेको भएमा सोही निकायहरुबाट सन्तोषजनक रुपमा राशन आपूर्तिको कार्य सम्पन्न गरेको वा गरिरहेको भनी दिएको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। |
| **६. एउटा बोलपत्रदाताले एउटा मात्र बोलपत्र पेश गर्न पाउने:** | **६.१** एक बोलपत्रदाताले व्यक्तिगतरुपमा वा संयुक्त उपक्रमको साझेदारको रुपमा एउटा मात्र बोलपत्र पेश गर्न सक्नेछ। एक बोलपत्रदाताले एक भन्दा बढी बोलपत्र पेश गरेमा सो |

| | |
|---|---|
| | बोलपत्रदाता सहभागी भएको सबै बोलपत्र रद्द हुनेछन् । |
| **७. बोलपत्र सम्बन्धी कागजातका बिषयहरु** | ७.१ बोलपत्र सम्बन्धी कागजातमा देहायमा उल्लेखित कागजातहरु रहनेछन्:<br>(क) बोलपत्र आह्वानको सूचना<br>(ख) बोलपत्रदातालाई निर्देशन<br>(ग) बोलपत्र तथ्यांक सम्बन्धी विवरण<br>(घ) **फारामका नमूनाहरु:** बोलपत्र पेश गरेको निवेदन फाराम र खरिद सम्झौताको फाराम<br>(ङ) खरिद सम्झौताका सामान्य शर्तहरु<br>(च) खरिद सम्झौताको विशेष शर्तहरु<br>(छ) आपूर्ति तालिका<br>(ज) प्राविधिक विवरण (Technical Specification)<br>(झ) कार्य परिमाण सुचि (Bill of Quantity)<br>(ञ) **जमानत फारामका नमूनाहरु:** बोलपत्र जमानत, कार्य सम्पादन जमानत तथा पेश्की भुक्तानीको लागि जमानत, |
| **८. बोलपत्रको भाषा** | ८.१ बोलपत्र सम्बन्धी कागजातको तथा बोलपत्र सम्बन्धी सम्पूर्ण कागजपत्रहरुको भाषा नेपाली भाषामा हुनेछ । |
| **९. बोलपत्रको मुद्रा** | ९.१ बोलपत्रको मुद्रा नेपाली रुपैया हुनेछ र खरिद सम्झौता बमोजिमको भुक्तानी समेत नेपाली रुपैयामा गरिनेछ । |
| **१०. बोलपत्र सम्बन्धी कागजातमा कुनै द्विविधा भएमा स्पष्ट गर्न अनुरोध गर्न सकिने** | १०.१ बोलपत्रदातालाई बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित कुनै कुरामा द्विविधा वा जिज्ञासा भएमा खरिदकर्तालाई स्पष्ट गरी दिन **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख भएको समयावधी भित्र सोही विवरणमा उल्लेख भएको ठेगानामा लिखित रुपमा अनुरोध गर्न सकिनेछ ।<br>१०.२ खरिदकर्ताले त्यस्तो अनुरोधको स्रोत उल्लेख नगरी बोलपत्र पेश गर्ने अन्तिम म्याद समाप्त हुनु अगावै बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने सबै बोलपत्रदतालाई त्यसको जवाफ पठाउनु पर्नेछ । |
| **११. बोलपत्र पेश गर्नु पूर्वको बैठक** | ११.१ **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख भएको अवस्थामा सोही विवरणमा उल्लेख भएको मिति, समय र स्थानमा बोलपत्र पेश गर्ने अन्तिम दिनभन्दा कम्तिमा दश दिन अगावै बोलपत्र पेश गर्नु पूर्वको बैठक गरिनेछ ।<br>११.२ बोलपत्र पेश गर्नु पूर्वको बैठकमा बोलपत्रदाताले खरिदकर्ता समक्ष बोलपत्र कागजातमा उल्लेख भएको खरिद कारबाही सम्बन्धी कुनै प्रश्न वा जिज्ञासा राख्न सक्नेछन् र खरिदकर्ताले प्रश्नकर्ताहरुको श्रोत उल्लेख नगरी बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने सबै बोलपत्रदातालाई त्यस्तो प्रश्न वा जिज्ञासाको जवाफ त्यस्तो बैठक भएको पांच दिनभित्र पठाउनेछ । |
| **१२. बोलपत्र सम्बन्धी कागजातमा संशोधन गर्न सकिने** | १२.१ बोलपत्रदाताको जिज्ञासालाई सम्वोधन गर्नका लागि वा अन्य कारणले गर्दा खरिदकर्ताले बोलपत्र पेश गर्ने अन्तिम मिति अघि बोलपत्र सम्बन्धी कागजातमा हेरफेर वा संशोधन गर्न सक्नेछ । बोलपत्र सम्बन्धी कागजातमा संशोधन गरिएमा त्यस्तो कागजात खरिद गर्ने सबै बोलपत्रदाताहरुलाई दिईनेछ र बोलपत्र पेश गर्ने अन्तिम समयावधि पाँच दिन बांकी नभएको अवस्थामा त्यस्तो समयावधि कम्तिमा सात दिन बढाईनेछ ।<br>१२.२ यसरी बोलपत्र सम्बन्धी कागजातमा कुनै हेरफेर वा संशोधन गरिएको भएमा त्यस्तो हेरफेर वा संशोधन समेत बोलपत्र सम्बन्धी कागजातको अभिन्न अंश हुनेछ । |
| **१३.गुणस्तरको निश्चितता तथा आपूर्ति :** | १३.१ खण्ड ७ प्राविधिक विवरण (Technical specification) मा उल्लेख भए बमोजिम गुणस्तरीय **साधारण राशन/बिरामी डाईट** सामानहरु आपूर्ति गर्नु पर्ने छ ।<br>१३.२ **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख भएको **साधारण राशन/बिरामी डाईट** आइटमहरु नेपाल वा विदेशी राष्ट्रको मान्यता प्राप्त निकायले तोकेको गुणस्तर मापदण्ड बमोजिम हुनु पर्नेछ ।<br>१३.३ **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख भएको आइटमको तोकीएको गुणस्तर परिमाणमा आइटम वाईज प्याकिङ्ग गरी लाहाछाप लगाई नाम लेखी नमूना पेश गर्नु पर्ने छ ।<br>१३.४ बोलपत्रदाताले बोलपत्रसाथ पेश गरेको नमूना राशन सामग्रीहरु तोकिएको |

| | |
|---|---|
| | स्पेशिफिकेशन बमोजिमको छैन भनी बोलपत्र परीक्षण एवं मुल्यांकन गर्न गठित समितिलाई आशंका भएमा बोलपत्र परीक्षणको क्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा त्यसका क्षेत्रिय कार्यालयहरुमा गुणस्तर परिक्षण गराई एकिन गर्न सकिनेछ। खरिद सम्झौता भएपछि पनि खरिदकर्तालाई कुनै अतिरिक्त खर्च वेगर प्रस्तावित खरिदका लागि निर्धारित स्पेसिफिकेशन बमोजिमको सामान हो भन्ने निश्चित गर्न निरीक्षण, परीक्षण गर्न पाउने अधिकार हुनेछ । खरिदकर्ताले गर्न चाहेको निरीक्षण, परीक्षण र त्यस्तो निरीक्षण, परीक्षण गरिने स्थानका सम्बन्धमा खरिदकर्ताले सम्झौताका विशेष शर्तमा खुलाउनेछ । निरीक्षण, परीक्षण प्रयोजनका लागि खरिदकर्ताले आफ्नो तर्फवाट प्रतिनिधि तोकेको भए समयमै त्यसको लिखित जानकारी आपूर्तिकर्तालाई दिईनेछ । यस सम्बन्धी थप विवरण **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख गरिएको छ।<br>**१३.६** निरीक्षण, परीक्षण गरिएको कुनै सामान स्पेसिफिकेशन बमोजिमको रहेको छ भन्ने कुरा सुनिश्चित नभएमा खरिदकर्ताले यस्तो सामान अस्वीकार गर्न सक्नेछ र आपूर्तिकर्ताले त्यसको सट्टा स्पेसिफिकेशन बमोजिम हुनेगरी त्यस्तो सामान प्रतिस्थापन गर्नु पर्नेछ।<br>**१३.७** यस दफा अन्तर्गत भएको व्यवस्थालाई मालसामानको कुनै वारेण्टी वा सम्झौता अन्तर्गतको अन्य कुनै दायित्वका कारणबाट निरीक्षण, परीक्षण गर्ने, मालसामान अस्वीकृत गर्ने सम्बन्धमा आपूर्तिकर्ताले छुटकारा पाउने छैन। |
| **१४. कबोल मूल्य** | **१४.१** बोलपत्रदाताले खरिद सम्झौता अन्तरगत आपूर्ति गरिने मुख्य मालसामानको मूल्य परिमाण सुचिमा उल्लेख भएका सबै आईटमको प्रति इकाई मूल्य र कुल मूल्य उल्लेख गर्नु पर्नेछ। कुनै आइटमको दर उल्लेख नभएमा उक्त बोलपत्र पूर्ण भएको मानिने छैन। यस सम्बन्धी थप पुष्ट्याई **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख गरिएको छ।<br>**१४.२** बोलपत्रदाताले दुई वा दुई भन्दा बढी आइटमको मालसामानको दररेट प्रचलित बजार मूल्य (लागत अनुमान)को शत प्रतिशत भन्दा बढी उल्लेख गरेको पाइएमा त्यस्तो बोलपत्र रद्द गर्न सकिनेछ।<br>**१४.३** कबोल मूल्यमा खरिद सम्झौता बमोजिम बोलपत्रदाताले तिर्नुपर्ने (मू.अ. कर बाहेक) कर, शुल्क लगायत अन्य शुल्कहरु समेत समावेश रहेको मानिनेछ।<br>**१४.४** बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको मूल्य अपरिवर्तनीय रहनेछ। मूल्य परिवर्तन नहुने कुरा सम्झौता बमोजिमको काम सम्पन्न नहुन्जेल सम्मको अवधिका लागि लागु हुनेछ र यस अवधिमा हुने कुनै मूल्य परिवर्तनलाई मानिने छैन। |
| **१५. बोलपत्रको मान्य अवधि** | **१५.१** बोलपत्रको मान्य अवधि (बोलपत्रमा उल्लेखित मूल्यदरहरु) बोलपत्र खोलिएको मितिदेखि गणना हुने गरी **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख भएको अवधीसम्म मान्य रहनेछ। |
| **१६. बोलपत्र जमानत** | **१६.१** बोलपत्रदाताले **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख भएको रकम र मान्य अवधिमा नघटने गरी बोलपत्र जमानत वोलपत्र साथ पेश गर्नुपर्नेछ। बोलपत्रदाताले बोलपत्र जमानत पेश गर्दा नेपाल राष्ट्र बैंकबाट **"क"** श्रेणीको ईजाजतप्राप्त वाणिज्य बैंकवाट जारी गरिएको बैंक ग्यारेण्टी वा खरिदकर्ताले बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लिखित बैंकको धरौटी खातामा रकम जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्नेछ।<br>**१६.२ बोलपत्र जमानत देहायको अवस्थामा जफत हुनेछ :–**<br>(क) बोलपत्र पेश गर्ने अन्तिम मिति र समय पछि बोलपत्र मान्य हुने अवधि भित्र बोलपत्रदाताले बोलपत्र संशोधन गर्न वा फिर्ता गर्न माग गरेमा,<br>(ख) बोलपत्रमादेखिएको अंकगणितीय त्रुटी सच्याइएको कुरा बोलपत्रदाताले स्वीकार नगरेमा, |

| | |
|---|---|
| | (ग) छनौट भएको बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातमा उल्लिखित शर्त बमोजिम खरिद सम्झौता नगरेमा,<br>(घ) बोलपत्र सम्वन्धी कागजातमा उल्लिखित कार्य सम्पादन जमानत बोलपत्रदाताले खरिद सम्झौता गर्ने म्याद भित्र दिन नसकेमा,<br>(ङ) बोलपत्र परीक्षणको सिलसिलामा खरिदकर्ताले माग गरेको कुनै जानकारी दिंदा बोलपत्रदाताले बोलपत्रको मूल्य वा सारभूत कुरा परिवर्तन गरेमा,<br>(च) प्रचलित कानून बमोजिम बोलपत्रदाताको आचरण विपरित काम गरी कालो सुचिमा राखिएमा।<br>(छ) बोलपत्रदाताले उपदफा २४.२ बमोजिम जानकारी दिंदा बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गरेमा। |
| **१७. संयुक्त उपक्रम** | **१७.१** खरिद सम्झौताको शर्तहरु अनुसार सम्झौता कार्यान्वयन गर्न बोलपत्रदाताहरुले एक संयुक्त उपक्रम (joint venture) बनाई बोलपत्र पेश गर्न सक्नेछन्। संयुक्त उपक्रम बनाई बोलपत्र पेश भएमा संयुक्त उपक्रमका सबै साझेदारहरु व्यक्तिगतरुपमा तथा समुहगतरुपमा जवाफदेही हुनेछन्।<br>**१७.२** बोलपत्र जमानत संयुक्त उपक्रमका सबै साझेदारहरुको नाममा हुनु पर्नेछ।<br>**१७.३** संयुक्त उपक्रमका साझेदारहरुको संख्या अधिकतम तीन हुनेछ। संयुक्त उपक्रमको मुख्य साझेदारको हिस्सा न्यूनतम चालीस प्रतिशत तथा दुई साझेदारहरु प्रत्येकको हिस्सा न्यूनतम पच्चीस प्रतिशत हुनु पर्नेछ।<br>**१७.४** संयुक्त उपक्रमको रुपमा बोलपत्र पेश गरिने भएमा संयुक्त साझेदारीको तर्फबाट बोलपत्रमा हस्ताक्षर गर्न आधिकारिक रुपमा प्रमाणित गरिएको अख्तियारीनामा बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।<br>**१७.५** संयुक्त उपक्रमको रुपमा कार्य गर्ने सम्बन्धमा साझेदारहरु बीच भएको संयुक्त उपक्रम सम्बन्धी सम्झौता बोलपत्रसाथ संलग्न गर्नु पर्नेछ। संयुक्त रुपमा बोलपत्र पेश गर्ने बोलपत्रदाताले संयुक्त रुपमा बोलपत्र खरिद गर्नुपर्नेछ।<br>**१७.६** संयुक्त उपक्रमका सदस्यहरुबाट एक जना सदस्यलाई संयुक्त उपक्रमको तर्फबाट काम गर्न अख्तियारी दिनु पर्नेछ र निजले संयुक्त साझेदारीका सवै सदस्यहरुको तर्फबाट निर्देशन गर्ने तथा दायित्व पुरा गर्ने सम्बन्धी काम तथा संयुक्त उपक्रमको नाममा भुक्तानी बुझेर लिने काम गर्नेछ। |
| **१८. बोलपत्रमा हस्ताक्षर गर्नु पर्ने** | **१८.१** बोलपत्र नमेटिने मसीले लेखिएको वा टाइप गरिएको र आधिकारिक व्यक्तिबाट हस्ताक्षर भएको हुनुपर्नेछ। बोलपत्रमा लेखिएको कुनै दर सच्चाइएको, फेरबदल गरिएको, थपिएको भएमा सो स्थानमा माथि उल्लेखित आधिकारिक हस्ताक्षरीबाट हस्ताक्षर गरिएको हुनु पर्नेछ। यस सम्बन्धी थप पुष्ट्याई **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख गरिएको छ।<br>**१८.२** बोलपत्रमा हस्ताक्षर गर्ने अधिकारपत्र बोलपत्रसाथ पेश गर्नु पर्नेछ। |
| **१९. बोलपत्र शिलवन्दी गरी खाम बाहिर लेख्नु पर्ने कुरा** | **१९.१** बोलपत्रदाताले बोलपत्र पेश गर्नु अघि खाम बन्दी गरी लाहाछाप लगाउनु पर्नेछ र खामको वाहिर **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख भए बमोजिम “बोलपत्र पेश गरिएको सार्वजनिक निकायको नाम”, “राशन आपूर्ति सम्बन्धी बोलपत्र तथा बोलपत्रको संकेत नम्बर”, “वोलपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम र ठेगाना” तथा “बोलपत्र खोल्ने दिन र समयमा मात्र खोल्नु पर्ने” व्यहोरा उल्लेख गर्नु पर्नेछ। |

| | |
|---|---|
| **२०. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय** | २०.१ **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेखित मिति र समय भित्र खरिदकर्ता समक्ष बोलपत्र दाखिला गर्नु पर्नेछ।<br>२०.२ बोलपत्र पेश गर्दा खरिदकर्ताबाट बिक्री भएको बोलपत्र सम्बन्धी कागजातमा निर्धारित ढांचामा भरी आफैंले वा आफनो प्रतिनिधी मार्फत वा हुलाक वा कुरियर मार्फत बोलपत्र पेश गर्नु पर्ने स्थानमा बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्रै पेश गर्नु पर्नेछ। हुलाक वा कुरियर मार्फत बोलपत्र पेश भएकोमा म्याद नाघी प्राप्त हुन आएमा त्यस्तो बोलपत्र उपर कारवाही गरिने छैन।<br>२०.३ **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** विद्युतीय संचार माध्यमबाट बोलपत्र पेश गर्न सकिने व्यवस्था गरिएको भएमा सोही विवरणमा उल्लिखित निर्देशन बमोजिम बोलपत्र पेश गर्नु पर्नेछ। |
| **२१. बोलपत्र फिर्ता वा संशोधनको लागि सिलबन्दी निवेदन दिन सकिने** | २१.१ बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा सो सम्बन्धी "निवेदन तथा त्यस्तो बोलपत्र फिर्ता लिन वा संशोधन गर्न अधिकार दिईएको पत्र", खाममा सिलबन्दी गरी त्यस्तो खामको बाहिरी भागमा देहायका कुरा उल्लेख गरी **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेखित स्थान, मिति र समय भित्र पेश गर्नु पर्नेछ :-<br>(क) बोलपत्रको विषय,<br>(ख) खरिदकर्ताको नाम र ठेगाना,<br>(ग) बोलपत्र फिर्ता लिन वा संशोधन गर्न निवेदन दिने फर्म,संस्था वा कम्पनीको नाम र ठेगाना,<br>(घ) बोलपत्र संशोधन गरिएको वा फिर्ता माग गरिएको विषय, र<br>(ङ) बोलपत्र खोल्ने दिन र समयमा मात्र खोल्नु पर्ने व्यहोरा।<br>२१.२ बोलपत्र फिर्ता लिन वा संशोधनको निवेदन आधिकारिक व्यक्तिले दिएको भएमा मात्र अग्रिम कारवाही गरिनेछ।<br>२१.३ बोलपत्र फिर्ता लिन वा संशोधन गर्न अधिकार दिइएको पत्र निवेदनसाथ संलग्न भई नआएमा त्यस्तो निवेदन उपर कारबाही गरिने छैन।<br>२१.४ बोलपत्र फिर्ता लिन निवेदन दिएको भएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र, बोलपत्र खोल्ने कारबाही समाप्त भए पछि नखोली फिर्ता गरिनेछ।<br>२१.५ बोलपत्र पेश गर्ने अधिकारनामा र बोलपत्र फिर्ता लिन वा संशोधन गर्न दिईने अधिकारनामा एउटै व्यक्तिलाई दिईएको हुनु पर्नेछ। |
| **२२. म्याद भित्र पेश नभएको बोलपत्र** | २२.१ बोलपत्र पेश गर्ने अन्तिम म्याद नाघी आएको बोलपत्र स्वीकार गरिने छैन र त्यस्तो बोलपत्र नखोली सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिनेछ। |
| **२३. बोलपत्र खोल्ने मिति, समय, स्थान र बोलपत्र खोल्ने प्रक्रिया** | २३.१ दाखिला भएका बोलपत्रहरु **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख भएको मिति, समय र स्थानमा उपस्थित बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिने छन्। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले बोलपत्र खोल्न बाधा पर्ने छैन।<br>२३.२ बोलपत्र खोल्नु अघि सार्वजनिक निकायले म्याद नाघी प्राप्त हुन आएको बोलपत्रको खाम, बोलपत्र फिर्ता वा संशोधन गर्नको लागि दिइएको निवेदनको खाम र रीतपूर्वक दर्ता भएका बोलपत्रको खामलाई छुट्याउनु पर्नेछ।<br>२३.३ दफा २३.२ बमोजिम छुट्याई सकेपछि बोलपत्रदाताले बोलपत्र फिर्ता गर्न पेश गरेको निबेदनको खाम र बोलपत्र संशोधन गर्नको लागि दिइएको खामहरु खोली त्यस्ता खाम भित्र रहेको ब्यहोरा र बोलपत्र फिर्ता वा संशोधन गर्न पेश गरिएको अधिकार पत्र पढेर सुनाउनु पर्नेछ।<br>२३.४ दफा २३.३ बमोजिमको प्रक्रिया सम्पन्न भए पछि खरिदकर्ताले दाखिला भएका बोलपत्रहरु मध्ये बोलपत्र फिर्ता माग गरेको, बोलपत्र र म्याद नाघी प्राप्त हुन आएको बोलपत्रको बाहेक अन्य बोलपत्रहरु क्रमैसंग खोली त्यस्तो बोलपत्रको देहायको कुरा पढेर सुनाई सोको मुचुल्का तयार गर्नु पर्नेछ र त्यस्तो मुचुल्कामा खोल्ने कार्यमा संलग्न पदाधिकारीहरु तथा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिको दस्तखत गराउनु पर्नेछ:- |

| | |
|---|---|
| | (क) बोलपत्रदाताको नाम र ठेगाना,<br>(ख) बोलपत्रको कबोल अङ्क र प्रत्येक एकाई दररेट,<br>(ग) बोलपत्रमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा,<br>(घ) बोलपत्र जमानत भए वा नभएको,<br>(ङ) अङ्क र अक्षरका बीच भिन्नता भए सो भिन्नताको विवरण, |
| | (च) बोलपत्र फाराममा तथा बोलपत्र फिर्ता वा संशोधनको लागि हस्ताक्षर गर्ने अधिकारनामा पेश भए वा नभएको,<br>(छ) बोलपत्र सम्बन्धी कागजातमा सच्याईएको वा केरमेट गरेकोमा केरमेट गरी उल्लेख गरेको रकम र व्यहोरा,<br>(ज) बोलपत्र फाराममा तथा बोलपत्र फिर्ता वा संशोधनको लागि पेश भएको निबेदनमा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए वा नभएको,<br>(झ) बोलपत्रदाताको कानुनी ग्राह्यता प्रमाणित गर्ने कागजात पेश भए वा नभएको,<br>(ञ) बोलपत्रदाताको योग्यता माग गरिएको भएमा त्यस्तो योग्यता प्रमाणित गर्ने कागजात पेश भए वा नभएको,<br>(ट) बोलपत्र फाराममा बोलपत्रदाताले कुनै कैफियत उल्लेख गरेको भए सो को व्यहोरा र<br>(ठ) सार्वजनिक निकायले उपयुक्त ठानेको अन्य आवश्यक कुरा। |
| **२४. बोलपत्रदातासँग आवश्यक जानकारी माग गर्न सकिने** | २४.१ खरिदकर्ताले बोलपत्रको परीक्षण वा मुल्याङ्कनको सिलसिलामा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सक्नेछ।<br>२४.२ खरिदकर्ताले माग गरेको जानकारी सम्बन्धित बोलपत्रदाताले खरिदकर्ता समक्ष पेश गर्नु पर्नेछ र त्यसरी जानकारी दिंदा बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न सकिने छैन। |
| **२५. बोलपत्र मूल्याङ्कन प्रक्रिया गोप्य रहने** | २५.१ सफल बोलपत्रदातालाई बोलपत्र स्वीकृत गर्ने आशयको सूचना नदिए सम्म बोलपत्रहरुको परीक्षण, मुल्याङ्कन र तुलना, बोलपत्रदातासंग माग भएको जानकारी तथा बोलपत्र स्वीकृतिको सिफारिस जस्ता प्रक्रियाहरु गोप्य राखिनेछ।<br>२५.२ बोलपत्र खोलेको समयदेखि बोलपत्र स्वीकृतीको सूचना नदिंदा सम्मको अवधिमा बोलपत्रका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले खरिदकर्तासंग सम्पर्क गर्न वा बोलपत्रको परीक्षण र मूल्यांकनमा कुनै किसिमले प्रभाव पार्ने कार्य गरेमा निजको बोलपत्र रद्द हुनेछ। |
| **२६. बोलपत्रदाताको ग्राह्यताको परीक्षण** | २६.१ बोलपत्रदाताले बोलपत्र पेश गर्न कानून बमोजिम योग्य भएको पुष्ट्याई गर्न बोलपत्रदातालाई निर्देशनको दफा नं. ४ मा उल्लेखित बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लिखित कागजातहरु पेश भए वा नभएको सम्बन्धमा बोलपत्र मूल्याङ्कन समितिले बोलपत्रदाताको ग्राह्यताको परीक्षण गर्नेछ। बोलपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने कागजात पेश नगर्ने बोलपत्रदाताको बोलपत्र उपर अग्रिम कारवाही गरिने छैन।<br>२६.२ उपदफा २६.१ मा जुनसुकै कुरा लेखिएको भएता पनि बोलपत्र सम्बन्धी कागजात खरिद गर्दा कानुनी ग्राह्यता पुष्टि गर्ने कागजात पेश गरि सकेको भएमा त्यस्तो कागजातलाई मान्यता दिईनेछ।<br>२६.३ खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी बोलपत्र पेश गरेको निबेदनमा गरेको घोषणालाई लिखित रुपमा गरेको घोषणापत्र सरह मान्यता दिईनेछ। |
| **२७. बोलपत्रको पूर्णताको परीक्षण** | २७.१ ग्राह्यताको परीक्षण पछि बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको सम्बन्धमा देहाय बमोजिम बोलपत्र मूल्याङ्कन समितिले पूर्णताको परीक्षण गर्नेछ।<br>(क) बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहिछाप भए वा नभएको,<br>(ख) बोलपत्र साथ बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, अवधि र रकमको जमानत संलग्न भए वा नभएको,<br>(ग) बोलपत्रदाताको अधिकार प्राप्त प्रतिनिधिलाई बोलपत्रमा हस्ताक्षर गर्न दिएको अख्तियारनामाको सक्कल कागजात पेश भए वा नभएको, |

| | |
|---|---|
| | (घ) संयुक्त उपक्रम बनाई बोलपत्र पेश गरेको भए सो सम्वन्धी सम्झौता पेश भए वा नभएको, |
| | (ङ) बोलपत्रदाताको योग्यता सम्बन्धी आवश्यक कागजात पेश भए वा नभएको,<br>(च) खरिदकर्ता वा खरिदकर्ताले तोकेको अन्य निकायबाट बिक्री गरेको बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र पेश भए वा नभएको,<br>(छ) सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात भरी पेश भए वा नभएको,<br>(ज) माग भए बमोजिमको बोलपत्रको मान्य अवधि भए, वा नभएको,<br>(झ) एक बोलपत्रदाताले व्यक्तिगत वा संयुक्त उपक्रममा भाग लिई एक मात्र बोलपत्र पेश भए वा नभएको,<br>(ञ) सारभूतरुपले असर गर्ने शर्त राखी बोलपत्र पेश भए वा नभएको,<br>(ट) खरिदकर्ताले माग गरेको अन्य कागजात पेश भए वा नभएको। |
| **२८. अंक गणितीय त्रुटी सच्याउन सकिने** | **२८.१** बोलपत्र परीक्षण गर्दा बोलपत्रमा कुनै अंक गणितीय त्रुटी पाइएमा खरिदकर्ताले त्यस्तो त्रुटि सच्याउन सक्नेछ र त्यसरी त्रुटी सच्याउँदा इकाइ दर र कूल रकममा भिन्नता भएमा इकाइ दर मान्य हुनेछ र सोही दर बमोजिम कूल रकम सच्याईनेछ।<br>**२८.२** बोलपत्रमा उल्लेख गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ । खरिदकर्ताले त्रुटी सच्याएकोमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई दिईनेछ।<br>**२८.३** बोलपत्रमा देखिएको अंकगणितीय त्रुटी सच्याइएको कुरा बोलपत्रदाताले स्वीकार नगरेमा निजको बोलपत्र रद्द गरी जमानत जफत हुनेछ। |
| **२९. बोलपत्रको मूल्याङ्कन तथा तुलना** | **२९.१** बोलपत्रको मूल्याङ्कन बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित सवै शर्तहरु तथा प्राविधिक स्पेशिफिकेशनको सोही कागजातमा उल्लिखित आधार र तरिका अनुसार परीक्षण गरी सारभूतरुपमा प्रभावग्राही भए नभएको मूल्याङ्कन गर्नेछ।<br>**२९.२** बोलपत्रको मूल्याङ्कन गर्दा बोलपत्र अस्विकार गर्नु नपर्ने गरी प्राबिधिक स्पेशिफिकेशन, विवरण, विशेषता आदि जस्ता कुराहरुमा सानातिना फरक पाईएमा सम्भव भएसम्म सोको मूल्य निकाली बोलपत्रको मूल्याङ्कनको प्रयोजनको लागि मुल्यांकित रकम कायम गरी बोलपत्रको मुल्याङ्कन गरिनेछ।<br>**२९.३** साधारण राशन र विरामी डाईटको संयुक्त रुपमा ठेक्का बन्दोवस्त गर्ने युनिटहरुले कुल बार्षिक रकम निकाल्दा प्रत्येक समूहको कुल/कुल रकम जोडी एकमुष्ट रुपमा बार्षिक रकम निकालेर तुलना गर्नु पर्नेछ।<br>**२९.४** खरिदकर्ताले बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सवै शर्तहरु पुरा गरेका प्रत्येक सारभूतरुपमा प्रभावग्राही बोलपत्रहरुको मूल्याङ्कित रकम अर्को बोलपत्रको मूल्याङ्कित रकमसंग तुलना गरी न्यूनतम अंक कबोल गर्ने बोलपत्र निर्धारण गर्नु पर्नेछ।<br>**२९.५** सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन अध्यादेश, २०७३) को दफा १३ को उपदफा (२) (ढ१) बमोजिम बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अंक अबुल गरेमा कबुल अंकको पांच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबोल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटि कबोल गरेको छ, सो को पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पांच प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत लिई सम्झौता गर्ने गरि बोलपत्र स्वीकृत गर्न सकिनेछ । यस्तो कार्य सम्पादन जमानत ठेक्काको लागि स्वीकृत कुल लागत अनुमान रकमको आधारमा लिइनेछ र मुल्याङ्कनको क्रममा यस बुंदाको आवश्यकता अनुसार कडाईका साथ कार्यान्वयन गरिनेछ। |

| | |
|---|---|
| ३०. बोलपत्रको स्वीकृतिको लागि छनौट गरिने | ३०.१ दफा २९.४ बमोजिम न्यूनतम अंक कबुल गर्ने बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता अनुरुप भए नभएको जांच गर्नु पर्नेछ।<br>३०.२ न्यूनतम अंक कबुल गर्ने बोलपत्रदाताको योग्यता जाँच गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता अनुरुप भएको पाईएमा त्यस्तो बोलपत्र **न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही** बोलपत्र मानिनेछ।<br>३०.३ यसरी जांच गर्दा त्यस्तो बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा निजको वोलपत्र मूल्यांकनवाट हटाइ क्रमशः अर्को न्यूनतम अंक कबुल गर्ने बोलपत्रदाताको योग्यताको जांच सोही आधारमा गरी न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको पहिचान गरिनेछ।<br>३०.४ बोलपत्र सम्बन्धी कागजात अनुरुप न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भएको बोलपत्रदाताको कबोल रकम लागत अनुमान भन्दा सारभूतरुपमा बढी नभएमा स्वीकृतिको लागि छनौट गरिनेछ। |
| ३१. बोलपत्र स्वीकृतिको आशयको सूचना दिने | ३१.१ बोलपत्र स्वीकृत गर्नु अघि खरिदकर्ताले दफा ३०.४ बमोजिम छनौट भएको बोलपत्रदातालाई निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिई सोको लिखित जानकारी बोलपत्र पेश गर्ने अन्य सबै बोलपत्रदातालाई समेत दिईनेछ।<br>३१.२ आशयको सूचना नेपाली सेनाको वेभसाईट www.nepalarmy.mil.np मा समेत राखिने हुंदा उक्त वेभसाईट हेर्नु हुन।<br>३१.३ खरिदकर्ताले खरिद कारबाही वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै बोलपत्रदाताले त्यस्तो त्रुटी वा निर्णयको पुनरावलोकनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिएको सात दिन भित्र सम्बन्धित सार्वजनिक निकायका प्रमुख समक्ष खरिदकर्ताले कुन काम गरेको वा नगरेको कारणले त्यस्तो त्रुटी हुन गएको हो वा कर्तव्य पालना नभएको हो र त्यस्तो निर्णय कुन ऐन वा नियम वा निर्देशिकाको कुन प्रावधान विपरित छ भन्ने कुरा स्पष्टरुपमा खुलाई निबेदन दिन सक्नेछ।<br>३१.४ दफा ३१.३ बमोजिम सार्वजनिक निकाय प्रमुख समक्ष निबेदन पर्न आएमा त्यस्तो निबेदन परेको मितिले पाँच दिनभित्र सार्वजनिक निकायले निर्णय गरी सोको जानकारी निबेदनकर्तालाई दिनेछ। |
| ३२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार खरिदकर्ताको हुने | ३२.१ कुनै बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, खरिद कारबाही रद्द गर्ने वा ठेक्का प्रदान गर्नु अघि कुनै पनि समयमा सबै बोलपत्रहरु रद्द गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा रहने छ। यसरी बोलपत्र रद्द गरिएको भएमा रद्द गरिएको कारण बोलपत्र पेश गर्ने सबै बोलपत्रदातालाई जानकारी दिईनेछ।<br>३२.२ खरिदकर्ताले बोलपत्र खोलेको मितिले दश करोड रुपैयाँ सम्म लागत अनुमान भएको बोलपत्र भए तीस दिन भित्र र दश करोड रुपैया भन्दा बढीको लागत अनुमान भएको बोलपत्र भए पैंतालीस दिन भित्र बोलपत्र स्वीकृत गर्ने आशयको सूचना बोलपत्रदाताहरुलाई दिइने छ। |
| ३३. बोलपत्र स्वीकृत गर्ने, सो को जानकारी दिने र सम्झौता गर्ने | ३३.१ पुनराबलोकनको लागि कुनै पनि बोलपत्रदाताले निबेदन नगरेमा छनौट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई पन्ध्र दिन भित्र खरिद सम्झौता गर्नको लागि कार्य सम्पादन जमानत दाखिला गर्न सूचना दिईनेछ।<br>३३.२ बोलपत्र खोलिएको मितिले बोलपत्र मान्य रहने अवधि भित्र उपदफा ३३.१ बमोजिमको सूचना प्रदान गरिसक्नु पर्नेछ।<br>३३.३ कार्य सम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी सो भन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजसंग खरिद सम्झौता गरिनेछ।<br>३३.४ खरिद सम्झौता सम्पन्न भए पछि खरिदकर्ताले बोलपत्र पेश गर्ने अन्य बोलपत्रदाताहरुलाई जानकारी पठाउनेछ र सो सूचना दिएको तीस दिन भित्र बोलपत्र अस्वीकृत भएको कुनै बोलपत्रदाताले निजको बोलपत्र अस्विकृत भएको कारणको जानकारी माग गरेमा निजलाई सो सम्बन्धमा जानकारी दिईनेछ। |

| | |
|---|---|
| **३४. कार्य सम्पादन जमानत** | ३४.१ बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ (पन्ध्र) दिनभित्र सफल बोलपत्रदाताले सम्झौता रकमको पाँच प्रतिशत (मू. अ. कर सहित) ले हुने रकमको नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैंकवाट जारी भई कम्तिमा तेह्र (१३) महिना मान्य अवधि भएको कार्य सम्पादन जमानत (Performance Security) खरिदकर्ता समक्ष पेश गरी सम्झौता गरिसक्नु पर्नेछ।<br>३४.२ माथि उल्लेखित समयावधि भित्र कार्य सम्पादन जमानत पेश गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी सो भन्दा लगत्तै पछिको क्रमशः अर्को न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गरिनेछ। |
| **३५. सम्झौता गर्दा परिमाणमा हेरफेर गर्न सकिने** | ३५.१ खरिद सम्झौता प्रदान गर्ने समयमा **साधारण राशन/बिरामी डाईट**का कुनै आइटम वा सबै आइटममा शुरुमा आपूर्ति तालिकामा उल्लेख गरिएको परिमाणमा कुनै शर्त वा मुल्यमा परिवर्तन नगरि बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेखित प्रतिशतले घटाउने, बढाउने अधिकार खरिदकर्तामा सुरक्षित रहने छ।<br>३५.२ **साधारण राशन/बिरामी डाईट** करार अवधि भित्र **साधारण राशन/बिरामी डाईट** खाने संख्या पचास प्रतिशतसम्म थपघट भएमा पनि कबोल दरमा नै राशन सामान आपूर्ति गर्नु पर्नेछ। यस सम्बन्धी थप पुष्ट्याई **बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख गरिएको छ। |
| **३६. बोलपत्रदाताको आचरण** | ३६.१ खरिद सम्झौताले निर्दिष्ट गरेका विषय, बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भएका कुरा तथा सार्वजनिक खरिद कानुनको व्यवस्था बमोजिमको दायित्व निर्वाह गर्नु आपूर्तिकर्ताको जिम्मेवारी हुनेछ।<br>३६.२ बोलपत्रदाताले खरिद प्रकृयामा वा खरिद सम्झौताको कार्यान्वयनमा प्रभाव पार्ने मनसायले देहायका कार्य गर्नु वा गराउनु हुँदैनः–<br>(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुचित प्रलोभन दिन वा सोको प्रस्ताव गर्न,<br>(ख) तथ्य बंग्याई वा भुक्याई पेश गर्न,<br>(ग) भ्रष्टाचारजन्य वा जालसाजीपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुन,<br>(घ) बोलपत्र सम्बन्धी काम कारवाहीमा कुनै किसिमले संलग्न हुने अन्य प्रतिस्पर्धी बोलपत्रदाताको सहभागितामा हस्तक्षेप गर्न,<br>(ङ) खरिद कारवाहीमा संलग्न कुनै व्यक्तिको जीउ ज्यान वा सम्पत्ति नोक्सान गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने कार्य वा करकापजन्य कार्य गर्न,<br>(च) बोलपत्रदाताहरुबीच खरिद सम्बन्धी काम बाँडफाँड गर्ने वा बोलपत्रको मूल्य कृतिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने उद्देश्यले बोलपत्र पेश गर्नु भन्दा अघि वा पछि मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन,<br>(छ) बोलपत्र खोलेको समयदेखि बोलपत्र स्वीकृतिको सूचना नदिंदा सम्मको अवधिमा बोलपत्रका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले सार्वजनिक निकायसँग सम्पर्क गर्न वा बोलपत्रको परीक्षण र मूल्यांकनमा कुनै किसिमले प्रभाब पार्ने कार्य गर्न। |
| **३७. कालो सुचिमा राख्न सकिने** | ३७.१ देहायको अबस्थामा बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एकदेखि तीन वर्षसम्म कालो सूचिमा राख्न सक्नेछ :–<br>(क) बोलपत्रदातालाई निर्देशनको दफा ३६ बमोजिमको आचरण विपरित काम गरेको प्रमाणित भएमा,<br>(ख) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,<br>(ग) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा,<br>(घ) योग्यता ढांटी वा भुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा।<br>३७.२ खाली खाम, बैंक जमानत संलग्न नभएको, बोलपत्र नै नभरेको वा दररेट कबोल नगरी खाली बोलपत्र पेश गर्ने बोलपत्रदातालाई समेत कालो सूचिमा राख्न सिफारिस गरिनेछ। |

| | |
|---|---|
| | **३७.३** कालोसूचीमा राखिएको बोलपत्रदाताले कालो सुचिमा रहेको अवधिसम्म सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन सक्ने छैन। |
| **३८. बोलपत्रदाताले पालना गर्नु पर्ने थप शर्तहरु** | **३८.१ बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख भए बमोजिम हुनेछ। |
| **३९. E-Bidding मार्फत बोलपत्र पेश गर्ने E-Bidder हरुले पालना गर्नु पर्ने थप शर्तहरु** | **३९.१ बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा** उल्लेख भए बमोजिम हुनेछ। |

# खण्ड-३.

## खण्ड ३. बोलपत्र तथ्याङ्क सम्बन्धी विवरण (Bid Data Sheet)

| बोलपत्रदातालाई निर्देशनको दफा | दफा नं. | विवरण |
|---|---|---|
| **१. खरिद गरिने विषयको क्षेत्र** | १.१ | आ.व. २०७३/७४ को लागि मूल्य परिमाण सूचिमा उल्लेखित विवरण अनुसारको **साधारण राशन/बिरामी डाईट** सामग्रीको आपूर्ति गर्ने। |
| **४. वोलपत्रदाताको ग्राह्यता** | ४.१ | बोलपत्रदाताले बोलपत्र पेश गर्ने कानून बमोजिम योग्य भएको पुष्ट्याई गर्न देहायका कागजातहरुको प्रतिलिपि पेश गर्नु पर्नेछ;<br>(क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र,<br>(ख) व्यवसाय दर्ताको ईजाजतपत्र (राशन आपूर्तिको उद्देश्य राखी दर्ता भएका व्यक्ति/फर्म/कम्पनी/संस्था भए सो को दर्ता (इजाजत) प्रमाण-पत्र र अन्य व्यवसायमा दर्ता भएको भए राशन आपूर्तिको अनुमति थप भएको प्रमाणको प्रतिलिपि (नविकरण गर्नु पर्ने स्थिति र अवस्थाको भए नविकरण भएको) पेश गर्नु पर्नेछ। उक्त कागजात निम्न कार्यालयहरुबाट जारी भएको हुनु पर्नेछ।<br>(अ) श्री वाणिज्य विभाग<br>(आ) श्री कम्पनी रजिष्टारको कार्यालय<br>(इ) श्री उद्योग विभाग वा घरेलु तथा साना उद्योग कार्यालय<br>(ग) मुल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाण-पत्र,<br>(घ) आन्तरिक राजश्व विभागबाट अधिल्लो आ.ब. २०७२/७३ को कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजात वा कर विवरण पेश गर्न म्याद थप भएको पत्रको प्रतिलिपि।<br>(ङ) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा,<br>(च) नेपाली नागरिकताको प्रमाण पत्र, |
| **५. बोलपत्रदाताको योग्यता :** | ५.१ | ५.१.१ आपूर्तिकर्ताले आफुले कवोल गरेको रकमबाट हुने कुल बार्षिक रकमको २५ प्रतिशतका दरले हुने रकम बरावरको नेपाल राष्ट्र बैंकबाट "क" बर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट सम्बन्धीत ठेक्का बन्दोबस्त गर्ने सार्वजनिक निकायको नाममा जारी भएको आर्थिक श्रोत खुलेको (Line Of Credit) सक्कल कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ।<br>५.१.२. विगतमा सुरक्षा निकायहरुमा राशन ठेक्का प्राप्त गरी आपूर्तिको अनुभव हासिल गरेका फर्म/संस्था/कम्पनीहरुले माथी ५.१.१ मा उल्लेख भएको Line Of Credit को अतिरिक्त सहज र निरन्तर रुपमा गुणस्तरीय राशन आपूर्ति हुन्छ भन्ने विश्वसनियताको आधार र प्रत्याभूतिको लागि बोलपत्रको साथमा यस अधि नेपाली सेनाको राशन ठेक्का गरेको मध्ये अन्तिम वर्षमा नेपाली सेनाको लागि जिल्लागत रुपमा ठेक्का बन्दोवस्त गर्न जिम्मेवारी तोकिएको जुन युनिटको ठेक्कामा भाग लिने हो सोही युनिटबाट र नेपाली सेनामा राशन आपूर्ति नगरी अन्य सुरक्षा निकायहरुमा मात्र राशन आपूर्ति गरेको भएमा सोही निकायहरुबाट सन्तोषजनक रुपमा राशन आपूर्तिको कार्य सम्पन्न गरेको वा गरिरहेको भनी दिएको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। |
| **१०. बोलपत्र सम्बन्धी कागजातमा कुनै द्विविधा भएमा स्पष्ट गर्न अनुरोध गर्न सकिने** | १०.१ | सम्भावित बोलपत्रदाताले बोलपत्र सम्बन्धमा द्विविधा भएमा देहायको ठेगानामा स्पष्ट गर्न बोलपत्र पेश गर्ने अन्तिम मिति भन्दा १० दिन पहिले अनुरोध गर्न सक्नेछ।<br>खरिदकर्ताको पूरा नाम ठेगाना: **श्री नं.२६ बाहिनी अड्डा, भकुडेवेशि काभ्रेपलान्चोक**<br>सम्पर्क व्यक्तिको नाम: जगदीश रोका<br>टेलिफोन नं. : ०११ ४०४०८५ / ९८४१२५८३६७ |

| | | |
|---|---|---|
| **११. बोलपत्र पेश गर्नु पूर्वको बैठक** | ११.१ | बोलपत्र पेश गर्नु पूर्वको बैठक निम्न मिति, समय र स्थान हुनेछ।<br>**मिति:** २०७३/०७/**११** गते**।**<br>**समय:** १३०० बजे<br>**स्थान : श्री नं.२६ बाहिनी अड्डा भकुण्डेबेशी।** |
| **१३. गुणस्तरको निश्चितता तथा आपूर्ति** | १३.१ | पेश गरिने साधारण राशन/विरामी डाइटको नमूनाहरु मध्ये देहायमा उल्लेखित आइटमहरुको सम्बन्धित नेपाल खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको (केन्द्रिय तथा क्षेत्रिय कार्यालय) बाट गुणस्तर परीक्षण गराई उक्त नमूना नेपाल सरकारले तोकेको गुणस्तर परिधि भित्र परेको भन्ने प्रमाण सहितको परीक्षणको प्रतिलिपि (डग बिस्कूटको नमूनाको हकमा पशु सेवा विभाग, पशू उत्पादन निर्देशनालय, लाइभष्टक गुण व्यवस्थापन प्रयोगशालामा गुणस्तर परीक्षण गराई उक्त नमूना नेपाल सरकारले तोकेको गुणस्तर परिधि भित्र परेको भन्ने प्रमाण सहितको परीक्षणको प्रतिलिपि र मिनरल मिक्सचरको सम्वन्धमा आधिकारिक पशू चिकित्सकबाट उपभोग योग्य भएको भन्ने सक्क्लै सिफारिश पत्र) बोलपत्रसाथ संलग्न गरी पेश गर्नु पर्नेछ । प्राप्त प्रतिवेदनको बारेमा शंका लागेमा सम्बन्धित सार्वजनिक खरिदकर्ता निकायबाट सम्वन्धित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग (केन्द्रिय एवं क्षेत्रीय कार्यालय) मा पत्राचार गरी एकिन गर्न सकिने छ। त्यसै गरी प्राप्त नमूना उपर शंका लागेमा पून: परीक्षणको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग (केन्द्रिय एवं क्षेत्रीय कार्यालय) मा पठाई खान योग्य प्रमाणित भए मात्र सार्वजनिक खरिद ऐन र नियमावली अनुसार बोलपत्र स्वीकृत गर्न सकिनेछ। उक्त गुणस्तर परीक्षण प्रतिवेदन बोलपत्र आव्हानको सूचना प्रकाशित भएको मितिदेखि बोलपत्र पेश गर्न तोकिएको अन्तिम मिति र समय भित्रको हुनु पर्नेछ। परीक्षण गराएको खाद्य बस्तु र नमूनाको रुपमा बोलपत्रसाथ पेश गरिने खाद्य बस्तुको ब्राण्ड, व्याच नं. र उत्पादन मिति एउटै हुनु पर्नेछ र उक्त ब्राण्ड, ब्याच नं. र उत्पादन मिति परीक्षण प्रतिवेदनमा समेत प्रष्ट खुलेको हुनु पर्नेछ।<br>**(क) साधारण राशन तर्फ**<br>(१) तोरीको तेल<br>**(ख) बिरामी डाईट तर्फ**<br>(१) सूर्यमुखी तेल |
| | १३.२ | बोलपत्रदातालाई निर्देशनको दफा १३.४ मा जुनसुकै कुरा उल्लेख भएतापनि बोलपत्रदाताले देहायमा उल्लेखित आइटमहरुको न्युनतम ५०० ग्राम/मि.ली. (विस्कुटको हकमा तोकिएको परिमाण र प्याकेट) का दरले छुट्टा छुट्टै प्याकेट बनाई प्रत्येक प्याकेटमा बोलपत्रदाताको दस्तखत, फर्मको छाप सहित अनिवार्य रुपमा हावा नछिर्ने, नचुहिने र अरुले सजिलैसंग खोलेर थप/घट गर्न नसक्ने गरी बन्द गर्नु पर्नेछ। त्यसरी बन्द गरिएको सबै आइटमलाई अर्को छुट्टै बाक्सामा राखी उक्त बाक्साको बाहिरपट्टि बाक्सा भित्र रहेका प्रत्येक नमूना आइटमको नाम, वजन र परिमाण उल्लेख गरी उक्त बाक्सामा बोलपत्र पेश गर्नेको दस्तखत, सम्बन्धित फर्म वा कम्पनीको छाप लगाई सिलवन्दी (लाहाछाप लगाई) गरी बोलपत्रसाथ देहाय बमोजिम १/१ सेट नमूना अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।<br>(क) **साधारण राशन तर्फ**<br>(अ) ५०० ग्रामका दरले नमुना पेश गर्नु पर्ने आईटमहरु :<br>(१) चामल जिरा मसिनो (२) मासको गेडा दाल (३) रहरको दाल |

| | | |
|---|---|---|
| | | (४) चनाको दाल (५) जिरा (६) धनिया (७) ठुलो केराउ (८) चना<br>(९) सिमी (१०) भटमास (११) बोडी<br>(आ) दालको हकमा नमुना पेश गर्दा उपरोक्त तीन वटै प्रकारको दालको नमुना प्रति आइटम ५००/५०० ग्रामका दरले पेश गर्नु पर्नेछ।<br>(इ) ५०० मि.लि.का दरले नमूना पेश गर्नु पर्ने आईटम<br>(१) तोरीको तेल<br>(ख) **<u>विरामी डाईट तर्फ</u>**<br>(अ) ५०० ग्रामका दरले नमुना पेश गर्नुपर्ने आईटमहरु<br>(१) चामल (२) गहुंको पीठो (आंटा) (३) मुगिको छांटा दाल<br>(४) रहरको दाल (५) मुसुरोको दाल (६) जीरा (७) धनिया<br>(आ) आरारोट (गुलियो) र Sugar Free (गुलियो नभएको) बिस्कुटहरु (न्यूनतम २००/२०० ग्राम तौल पुग्ने गरी) पेश गर्नुपर्नेछ।<br>(इ) ५०० मि.लि.का दरले नमूना पेश गर्नु पर्ने आईटम<br>(१) सूर्यमुखी तेल |
| | १३.३ | बोलपत्र स्वीकृत भई स्वीकृत आपूर्तिकर्ताले खरिद सम्झौतामा तोकिएको स्पेशिफिकेशन अनुसारको किसिम, स्तर एवं गुणस्तर र प्रयोग योग्य अवधि भएको **साधारण राशन/विरामी डाईट** आपूर्ति गर्नु पर्नेछ। |
| **१४. कवोल मुल्य** | १४.१ | बोलपत्रदातालाई निर्देशनको दफा १४.१ मा उल्लेख भएको बोलपत्रदाताले खरिद सम्झौता अन्तरगत आपूर्ति गरिने मुख्य मालसामानको मूल्य परिमाण सुचिमा उल्लेख भएका सबै आईटमको प्रति इकाई मूल्य र कुल मूल्य उल्लेख गर्नु पर्नेछ भन्ने सम्बन्धमा सोही बमोजिम तथा "कुनै आइटमको दर उल्लेख नभएमा सो आईटमको दर अन्य आईटमको दरमा समावेश भएको मानिनेछ र खरिदकर्ताले त्यस्तो आईटमको भुक्तानी गर्नेछैन" भन्ने सम्बन्धमा राशन ठेक्कामा सबै आईटमको दर उल्लेख नगरेमा भुक्तानी दिन बाधा पर्ने हुंदा कुनै आईटमको दर उल्लेख नगरेको वा नभएको बोलपत्र उपर कारवाही गरिने छैन। |
| **१५. बोलपत्रको मान्य अवधि** | १५.१ | बोलपत्रको मान्य अवधि १२० दिन हुनेछ। |

| | | |
|---|---|---|
| १६. बोलपत्रको दस्तुर र जमानत | १६.१ | बोलपत्र जमानत वापतको रु ४०,२०,०००।०० ( चालीस लाख वीस हजार रुपैया मात्र )<br>बोलपत्र जमानत वापत बैंक जमानत पेश गर्ने भएमा नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैंकवाट जारी गरिएको हुनु पर्नेछ।<br>बोलपत्र जमानतको मान्य अवधिबोलपत्र खोलिने मितिदेखि गणना गर्दा १५० दिन हुनु पर्नेछ।<br>(क) बोलपत्र जमानत वापत नगद पेश गर्ने भएमा देहायको खातामा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ:<br>बैक खाताको नाम: कोष तथा लेखा नियन्त्रकको कार्यालय<br>बैंकको नाम: राष्ट्रिय बाणिज्य बैक लि.<br>बैंकको ठेगाना: धुलिखेल काभ्रे<br>खाता नं. : ख - ३ ध १०४०२०३<br>(ख) E-Bidder हरुले बोलपत्र दस्तुर बापत बुझाउनु पर्ने रकमको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयले खोलेको देहायको बैंक खातामा रकम जम्मा गरेको भौचर Upload गर्नु पर्नेछ।<br>बैंकको नाम: राष्ट्रिय बाणिज्य बैक लि.<br>बैंकको ठेगाना: धुलिखेल काभ्रे<br>राजश्व खाता नं. : १ - १ - ००१<br>कार्यालयको कोड नं.३० - ३४५ - ०१ |
| १८. बोलपत्रमा हस्ताक्षर गर्नुपर्ने, | १८.१ | बोलपत्रदातालाई निर्देशनको दफा १८.१ मा उल्लेख भएको बुंदा सोही बमोजिम तथा सम्पूर्ण महल नभरिएको र केरमेट गरी थप गरिएको अंक र अक्षर भएको ठाउंमा आधिकारिक हस्ताक्षरीबाट हस्ताक्षर नभएको बोलपत्रलाई मान्यता दिइने छैन। |
| १९. बोलपत्र शिलवन्दी गरी खाम बाहिर लेख्नु पर्ने कुरा | १९.१ | बोलपत्रदाताहरुले बोलपत्र पेश गर्दा शिलबन्दी गरी खाम बाहिर निम्न कुराहरु उल्लेख गर्नु पर्नेछ।<br>१. आ.व.२०७३/७४ को लागि साधारण राशन/बिरामी डाईट आपूर्ति सम्बन्धी बोलपत्र<br>२. आह्वानको सूचना नं. ४<br>३. बोलपत्र खोल्ने दिन र समयमा मात्र खोल्नु पर्ने व्यहोरा<br>४. बोलपत्र माग गर्ने कार्यालयको नाम र ठेगाना:<br>५. बोलपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम र ठेगाना: |
| २०. बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान | २०.१<br><br><br><br>२०.३ | मिति: २०७३/०७/२३ गते।<br>समय: १२०० बजे।<br>स्थान:: श्री नं.२६ बाहिनी अड्डा, भकुण्डेबेशी काभ्रे<br>E-bidding मार्फत बोलकवोल गर्ने बोलपत्रदाताहरुले बोलपत्रको सूचनामा उल्लेखित प्रावधान बमोजिम गर्नु पर्नेछ। |
| २१. बोलपत्र फिर्ता वा संशोधनको लागि शिलबन्दी निबेदन दिनु पर्ने अन्तिम मिति, समय र स्थान | २१.१ | मिति: २०७३/०७/२२ गते।<br>समय: १२०० बजे भित्र<br>स्थान: श्री नं.२६ बाहिनी अड्डा, भकुण्डेबेशी काभ्रे |
| २३. बोलपत्र खोल्ने मिति, समय, र स्थान | २३.१ | मिति: २०७३/०७/२३ गते।<br>समय: १३०० बजे<br>स्थान: श्री नं.२६ बाहिनी अड्डा, भकुण्डेबेशी काभ्रे |

| | | |
|---|---|---|
| **३५. सम्झौता प्रदानगर्दा परिमाणमा हेरफेर गर्न सकिने** | ३५.१<br><br>३५.२ | बोलपत्रदातालाई निर्देशनको दफा ३५.१ को बारेमा जुनसुकै कुरा उल्लेख भएतापनि बोलपत्रमा उल्लेखित सबै आइटमको बार्षिक (जम्मा महलमा उल्लेखित) परिमाणमा जतिसुकै परिमाण थपघट भएमा पनि कबुल ठेक्का दरमा राशन सामान आपूर्ती गर्नु पर्नेछ।<br>बोलपत्रदातालाई निर्देशनको दफा ३५.२ को बारेमा जुनसुकै कुरा उल्लेख भएतापनि ठेक्का बन्दोबस्त भएको जिल्लामा अस्थायी वा स्थायी रुपमा तैनाथ रहने गरी जतिसुकै फौज संख्या स्थानान्तर भई आएमा वा गएमा त्यस्ता युनिटहरुलाई समेत स्वीकृत आपूर्तिकर्ताले स्वीकृत कबुलदरमा कुनै घटबढ र हर्जावाधा नपारी सुचारु रुपले साधारण राशन/बिरामी डाइट/दांनाघांस/डग राशन सामान आपूर्ति गर्नु पर्नेछ। |
| **३८. बोलपत्रदाताले पालना गर्नु पर्ने थप शर्त सम्बन्धमा** | | १. बोलपत्र खरिद गर्न ईच्छुक फर्म/कम्पनी/संस्थाले सम्बन्धित जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र ठेक्का बन्दोवस्त गर्ने सम्बन्धित युनिटबाट बोलपत्र वापतको दस्तुर रु. ६,०००।०० (पछि फिर्ता नहुने) तिरि खरिद गर्न सकिनेछ।<br>२. सम्बन्धित व्यक्ति/फर्म/संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात पूर्ण रुपमा भरी पेश गर्नुपर्नेछ।<br>३. बोलपत्रदाताले बोलपत्र फाराममा दर कबुल गर्दा प्रत्येक आइटमको मुल्य अभिबृद्धि कर बाहेकको एकाई अनुसारको प्रति के.जि./लिटर/गोटा/पुरीयाको दर अंक र अक्षरमा प्रष्ट र केरमेट नगरी उल्लेख गर्नुपर्नेछ।<br>४. बोलपत्र स्वीकृत भए पश्चात स्वीकृत बोलपत्रदाताले नमूना बमोजिमको राशन खुवाउन नसकेमा वा तोकिएको सम्बन्धित युनिट र पोष्टहरुमा राशन आपूर्ति गर्न नसकी राशन खुवाउने कार्यमा बाधा व्यवधान गरेमा सो उपर प्रचलित सार्वजनिक खरिद ऐन र नियम तथा ठेक्का सम्झौताका सामान्य तथा विशेष शर्त बमोजिम कारवाही चलाई ठेक्का तोड्न सकिनेछ। साथै त्यस्ता आपूर्तिकर्तालाई ऐन, नियम बमोजिम कारवाही हुनेछ।<br>५. बोलपत्रदाताले अनिवार्य रुपमा पालना गर्नु पर्ने शर्तहरुको सम्बन्धमा यस ठेक्का बन्दोवस्त बारे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना र यस बोलपत्र फाराममा लेखिएको जति कुरामा सोही बमोजिम र अन्य कुरामा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन अध्यादेश २०७३) र सार्वजनिक खरिद नियमावली २०६४ (तेश्रो सम्शोधन २०६८ सहित) अनुसार हुनेछ। |
| **३९. e-bidding मार्फत बोलपत्र पेश गर्ने e-bidder ले पालना गर्नु पर्ने थप शर्तहरु** | | १. E-Bidder हरुले आफूले Bid गर्न चाहेको सम्बन्धित युनिटको सूचना तथा बोलपत्र सम्बन्धी कागजात Download गर्न website, eproc.nepalarmy.mil.np मा गई Sign up गरी आफ्नो User Name र Password create गर्नु पर्नेछ।<br>२. E-Bidder हरुले आफ्नो E-Bidding Document Submit गर्नको लागि माथि उल्लेखित website मा राखिएको प्रक्रिया र शर्तहरुको अध्ययन गरी **बोलपत्रको खण्ड -४** (E-Bidding प्रयोजनको लागि मात्र) मा माग भए बमोजिमको कागजातहरु Scan गरी Upload गर्नु पर्नेछ।<br>३. E-Bidding मार्फत Document Submit गरेको मितिबाट खोलुवा हुने दिनको १२०० बजे सम्म **बोलपत्र तथ्यांक सम्बन्धी विवरणको दफा १३.४ मा** उल्लेख भए बमोजिमको परिमाणमा राशन नमूना अनिवार्य रुपमा निवेदन सहित पेश गर्नु पर्नेछ। उल्लेखित समय भित्र राशन नमूना प्राप्त हुन नआएमा त्यस्तो E-Bidding Document मान्य हुनेछैन।<br>४. E-Bidder ले Upload गरेका कुनै पनि कागजातहरुको सक्कल प्रति बोलपत्र मुल्यांकनको क्रममा मूल्यांकन समीतीले माग गरेको खण्डमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। उक्त समितिले माग गरेको कागजातहरु पेश नभएमा त्यस्तो E-Bidding Document उपर अग्रीम कारवाही गरिने छैन।<br>५. बोलपत्रदाताले E-Bidding वा शिलबन्दी माध्यम मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र दर्ता गर्न पाउनेछन्। दुबै माध्यमबाट दर्ता गरिएको बोलपत्र स्वत: रद्द हुनेछ।<br>६. E-Bidder वा निजको प्रतिनीधी बोलपत्र खोल्ने समयमा उपस्थित नभए पनि |

| | | |
|---|---|---|
| | | बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।<br>७. E-Bidder हरुले अन्तिम समयमा मात्र Documents Upload गर्दा लोडसेडिङ्ग वा ज्यादा भार पर्न गई Portal Jamming समेत हुन सक्ने भएको हुंदा E-Bidder हरुले Document Submit समयमै गर्नु हुन सुझाव गरिन्छ ।<br>८. बोलपत्रदाताले E-Bidding मार्फत पेश गरेको Documents वोलपत्र खोल्ने समयमा निजको E-Bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका File Unreadable Format मा भएमा वा Corrupted भएमा यस सार्वजनिक निकाय जवाफदेही हुने छैन र उक्त वोलपत्रदाताको वोलपत्र मुल्यांकनमा समावेश गरिने छैन ।<br>९. बोलपत्रदाताले आफुले Upload गरेका Documents हरु Confirm गरेर मात्र Bid Submit गर्नु हुन र Confirm गर्नको लागी E-bidder ले Documents Upload गरे पश्चात View option मा Click गरि Documents Upload भएको Confirm गरेर मात्र Documents Submit गर्नु हुन । |

# खण्ड-४ :

## नमूना फारामहरु

## (क) बोलपत्रदाताको ग्राहयता र योग्यता पुष्टीको लागि अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजात तथा प्रमाणपत्रहरु

## (शिलबन्दी बोलपत्रको प्रयोजनको लागि मात्र)

| | विवरण | पेश गरे वा नगरेको उल्लेख गर्ने |
|---|---|---|
| (क) | नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | |
| (ख) | फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि | |
| (ग) | व्यवसाय दर्ताको ईजाजतपत्रको प्रतिलिपि, | |
| (घ) | मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्रको प्रतिलिपि, | |
| (ङ) | आन्तरिक राजश्व विभागबाट आ.ब. ०७२/७३ को कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजात वा कर विवरण पेश गर्न म्याद थप भएको पत्रको प्रतिलिपि। | |
| (च) | बोलपत्रमा हस्ताक्षर गर्न अधिकारनामा पत्र | |
| (छ) | संयुक्त उपक्रम सम्बन्धी सम्झौताको सक्कल प्रति (संयुक्त उपक्रम बनाई बोलपत्र पेश भएको भए) | |
| (ज) | (अ) आपूर्तिकर्ताले आफुले कवोल गरेको रकमबाट हुने कुल बार्षिक रकमको २५ प्रतिशतका दरले हुने रकम बरावरको नेपाल राष्ट्र बैंकबाट “क” बर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट सम्बन्धीत ठेक्का बन्दोबस्त गर्ने सार्वजनिक निकायको नाममा जारी भएको आर्थिक श्रोत खुलेको (Line Of Credit) सक्कल कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ।<br>(आ) विगतमा सुरक्षा निकायहरुमा राशन ठेक्का प्राप्त गरी आपूर्तिको अनुभव हासिल गरेका फर्म/संस्था/कम्पनीहरुले माथी (अ) मा उल्लेख भएको Line Of Credit को अतिरिक्त सहज र निरन्तर रुपमा गुणस्तरीय राशन आपूर्ति हुन्छ भन्ने विश्वसनियताको आधार र प्रत्याभूतिको लागि बोलपत्रको साथमा यस अघि नेपाली सेनाको राशन ठेक्का गरेको मध्ये अन्तिम वर्षमा नेपाली सेनाको लागि जिल्लागत रुपमा ठेक्का बन्दोवस्त गर्ने जिम्मेवारी तोकिएको जुन युनिटको ठेक्कामा भाग लिने हो सोही युनिटबाट र नेपाली सेनामा राशन आपूर्ति नगरी अन्य सुरक्षा निकायहरुमा मात्र राशन आपूर्ति गरेको भएमा सोही निकायहरुबाट सन्तोषजनक रुपमा राशन आपूर्तिको कार्य सम्पन्न गरेको वा गरिरहेको भनी दिएको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। | |
| (झ) | खण्ड (३) बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणको दफा १३.१ मा उल्लेखित साधारण राशन/विरामीसामग्रीहरुको गुणस्तर परीक्षण गराएको परीक्षण प्रतिवेदनको प्रतिलिपिहरु | |
| (ञ) | खण्ड- ४ (झ) मा उल्लेख भए बमोजिम लिखित रुपमा गरेको घोषणा पत्र ( बोलपत्र साथ संलग्न घोषणा पत्रको नमुनामा भरी पेश गरेको भएमा आवश्यक नपर्ने ।) | |
| (ट) | खण्ड- १० (क) बमोजिम बोलपत्र जमानतको सक्कल प्रति | |
| (ठ) | अन्य कुनै भए उल्लेख गर्ने | |

बोलपत्रदाताको हस्ताक्षर

## खण्ड-४ :

## (ख) E-Bidding मार्फत बोलपत्र पेश गर्ने E-Bidder हरुले आफ्नो ग्राहयता र योग्यता पुष्टीको लागि अनिवार्य रुपमा Scan गरी upload गर्नु पर्ने कागजात तथा प्रमाणपत्रहरु

## (E-Bidding प्रयोजनको लागि मात्र)

| | विवरण | पेश गरे वा नगरेको उल्लेख गर्ने |
|---|---|---|
| (क) | नेपाली नागरिकताको प्रमाण पत्र | |
| (ख) | फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र | |
| (ग) | व्यवसाय दर्ताको ईजाजतपत्र | |
| (घ) | मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र | |
| (ङ) | आन्तरिक राजश्व विभागबाट आ.ब. ०७२/७३ को कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजात वा कर बिबरण पेश गर्न म्याद थप भएको पत्र | |
| (च) | बोलपत्रमा हस्ताक्षर गर्न अधिकारनामा पत्र | |
| (छ) | संयुक्त उपक्रम सम्बन्धी सम्झौता (संयुक्त उपक्रम बनाई बोलपत्र पेश भएको भए) | |
| (ज) | (अ) आपूर्तिकर्ताले आफुले कवोल गरेको रकमबाट हुने कुल बार्षिक रकमको २५ प्रतिशतका दरले हुने रकम बरावरको नेपाल राष्ट्र बैंकबाट “क” बर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट सम्बन्धीत ठेक्का बन्दोबस्त गर्ने सार्वजनिक निकायको नाममा जारी भएको आर्थिक श्रोत खुलेको (Line Of Credit) सक्कल कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ।<br>(आ) विगतमा सुरक्षा निकायहरुमा राशन ठेक्का प्राप्त गरी आपूर्तिको अनुभव हासिल गरेका फर्म/संस्था/कम्पनीहरुले माथी (क) मा उल्लेख भएको Line Of Credit को अतिरिक्त सहज र निरन्तर रुपमा गुणस्तरीय राशन आपूर्ति हुन्छ भन्ने विश्वसनियताको आधार र प्रत्याभूतिको लागि बोलपत्रको साथमा यस अघि नेपाली सेनाको राशन ठेक्का गरेको मध्ये अन्तिम वर्षमा नेपाली सेनाको लागि जिल्लागत रुपमा ठेक्का बन्दोवस्त गर्न जिम्मेवारी तोकिएको जुन युनिटको ठेक्कामा भाग लिने हो सोही युनिटबाट र नेपाली सेनामा राशन आपूर्ति नगरी अन्य सुरक्षा निकायहरुमा मात्र राशन आपूर्ति गरेको भएमा सोही निकायहरुबाट सन्तोषजनक रुपमा राशन आपूर्तिको कार्य सम्पन्न गरेको वा गरिरहेको भनी दिएको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। | |
| (झ) | खण्ड (३) बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणको दफा १३.१ मा उल्लेखित साधारण राशन/विरामी सामग्रीहरुको गुणस्तर परीक्षण गराएको परीक्षण प्रतिवेदन | |
| (ञ) | खण्ड- ४ (झ) मा उल्लेख भए बमोजिम लिखित रुपमा गरेको घोषणा पत्र ( बोलपत्र साथ संलग्न घोषणा पत्रको नमुनामा भरी पेश गरेको भएमा आवश्यक नपर्ने ।) | |
| (ट) | खण्ड- ९ (क) बमोजिम बोलपत्र पेश गरेको निवेदन | |
| (ठ) | खण्ड- ९ (ख) बमोजिम साधारण राशन/विरामी डाईट को परिमाण सहितको मुल्यसूची | |
| (ड) | खण्ड- १० (क) बमोजिम बोलपत्र जमानत | |
| (ढ) | बोलपत्र दस्तुर वापतको भौचर<br>बोलपत्र दस्तुर बापतको रकम रु.६०००।००(छ हजार रुपैया) ( फिर्ता नहुने ) रा.बा.बैंक ,धुलिखेल को राजश्व खाता नं. १ - १ - ००१ र कार्यालयको कोड नं.३० - ३४५ - ०१ मा जम्मा गरी भौचर प्राप्त गर्न सकिनेछ। | |

बोलपत्रदाताको हस्ताक्षर

## (ग) बोलपत्रदाताको जानकारी सम्बन्धी विवरण

[बोलपत्रदाताले बोलपत्रसाथ देहायको विवरण भरी पेश गर्नु पर्नेछ। संयुक्त उपक्रमबाट बोलपत्र पेश गर्ने भएमा यो विवरण फाराम संयुक्त उपक्रमका सबै साझेदारहरुको छुट्टाछुट्टै भरी पेश गर्नु पर्नेछ। ]

| | | |
|---|---|---|
| १ | बोलपत्रदाताको नामः | |
| २ | बोलपत्रदाताको ठेगानाः | |
| ३ | बोलपत्रदाताको टेलिफोन नम्बरः | |
| ४ | बोलपत्रदाताको मोबाईल नम्बरः | |
| ५ | बोलपत्रदाताको ईमेलः | |
| ६ | बोलपत्रदाताको फर्म दर्ता भएको जिल्लाः | |
| ७ | बोलपत्रदाताको फर्म दर्ता भएको बर्षः | |
| ८ | बोलपत्रदाताले बोलपत्रमा हस्ताक्षर गर्न अधिकार दिएको व्यक्तिको नामः<br>ठेगानाः<br>टेलिफोन नम्बरः<br>मोवाईल नम्बरः<br>फ्याक्स नम्बरः | |

बोलपत्रदाताको हस्ताक्षर

## (घ) संयुक्त उपक्रम सम्बन्धी विवरण

[ बोलपत्रदाताले संयुक्त उपक्रमबाट बोलपत्र पेश गर्ने भएमा यो विवरण फाराम भरी पेश गर्नु पर्नेछ। ]

| | | |
|---|---|---|
| **मुख्य साझेदार** | संयुक्त उपक्रमको मुख्य साझेदारको<br>नामः-<br>दर्ता भएको ठाउँको नाम :-<br>मुख्य साझेदारका व्यवसाय दर्ता भएको<br>स्थानः-<br>साझेदारीको प्रतिशतः- | |
| **साझेदार** | संयुक्त उपक्रमको अन्य साझेदारको<br>नामः-<br>दर्ता भएको ठाउँको नाम :-<br>अन्य साझेदारका व्यवसाय दर्ता भएको<br>स्थानः-<br>साझेदारीको प्रतिशतः- | |
| **साझेदार** | संयुक्त उपक्रमको अन्य साझेदारको<br>नामः-<br>दर्ता भएको ठाउँको नाम :-<br>अन्य साझेदारका व्यवसाय दर्ता भएको<br>स्थानः-<br>साझेदारीको प्रतिशतः- | |
| | बोलपत्रमा हस्ताक्षर गर्न अख्तियारनामा<br>पाउने साझेदारको नामः- | |

बोलपत्रदाताको हस्ताक्षर

## (ङ) बार्षिक सरदर कारोबार सम्बन्धी विवरण

[ खरिदकर्ताले बार्षिक सरदर कारोबार माग गरेको भएमा बोलपत्रदाताले यो विवरण फाराम भरी पेश गर्नु पर्नेछ।]

| सि.नं. | आर्थिक बर्ष | कारोवार गरेको कार्यालयको नाम र ठेगाना | कारोवार (रु.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

उल्लेख गरिएको कारोबार सम्बन्धी आर्थिक विवरण यसै साथ संलग्न छ।

बोलपत्रदाताको हस्ताक्षर

# (च) सम्झौता फाराम

विक्रम सम्वत .......... साल ............ महिना ........ गतेका दिन ................. (जसलाई खरिदकर्ता भनेर सम्बोधन गरिने छ ) प्रथम पक्ष र ........... आपूर्तिकर्ताको नाम तथा ठेगाना (जसलाई ठेकेदार भनेर सम्बोधन गरिने छ) दोस्रो पक्ष बीच .........मा ........... का ......... जवान ........ को लागि २०... सालको महिना देखि २०..... सालको .... महिना सम्म साधारण राशन/विरामी डाईट/दानाघांस/डग राशन आपूर्ति गर्न तथा सो कार्यमा कुनै त्रुटी देखिएमा त्यस्तो त्रुटी सच्याउन समेत मू.अ. कर सहितको रु ............................ (अंकमा) ...................... ( अक्षरमा) मा सम्पन्न गर्न यो खरिद सम्झौता गरिएको छ।

यस पछि यो खरिद सम्झौतामा निम्न अनुसार हुनेछ :–

१ यस खरिद सम्झौतामा शब्द र अभिव्यक्तिको अर्थ यसपछि संकेत गरिएको ठेक्काको शर्तहरुमा निर्धारित गरे अनुसार हुनेछ।

२. निम्नानुसारका कागजातहरुलाई यस सम्झौताको अभिन्न अंगको रुपमा लिइनेछ;

- (क) आपूर्तिकर्ताले पेश गरेको बोलपत्र तथा राशनको परिमाण सहितको मूल्य सुचि,
- (ख) राशन आपुर्ति तालिका,
- (ग) प्राविधिक विवरण (टेक्निकल स्पेसिफिकेसन),
- (घ) सम्झौताका सामान्य तथा विशेष शर्तहरु,
- (ङ) खरिदकर्ताले बोलपत्र स्विकृत गरेको जानकारी पत्र।

३. प्रथम पक्षसँग गरेको सम्झौता बमोजिम दोस्रो पक्षले भुक्तानी पाउन खरिद सम्झौतामा भएको ब्यबस्था बमोजिम राशन आपूर्ति कार्य सम्पन्न गरी तथा कुनै त्रुटी भएमा सो कार्य समेत गरी प्रथम पक्षसंग भुक्तानी लिने कुरामा सहमत छ।

४ दोस्रो पक्षसँग गरेको सम्झौता बमोजिम प्रथम पक्षले खरिद सम्झौतामा भएको ब्यबस्था बमोजिम राशन आपूर्ति कार्य सम्पन्न गरी तथा कुनै त्रुटी भएमा सो कार्य समेत गरे पछि दोस्रो पक्षलाई सम्झौता रकम तथा त्यस्तो सम्झौतामा ब्यबस्था भएको अन्य कुनै थप रकम समेत सम्झौतामा उल्लेख भएको तरिका र समयमा प्रथम पक्षले दिने कुरामा सहमत छ।

____________________

**दोस्रो पक्षको तर्फबाट सहीछाप गर्ने**

सहिछाप गर्नेको नाम :
फर्मसँगको सम्बन्ध :
फर्मको नाम :
ठेगाना :
फोन नं. :
फ्याक्स नं. :
मोवाइल :
(कम्पनीको छाप)

____________________

____________________

**प्रथम पक्षको तर्फबाट सहीछाप गर्ने**

सहिछाप गर्नेको नाम :
पद:
कार्यालयको नाम :
ठेगाना :
फोन नं. :
फ्याक्स नं. :

(कार्यालयको छाप)

____________________

(साक्षीको सहीछाप)

## (छ) बोलपत्र स्वीकृत गर्ने आशयपत्र
[कार्यालयको लेटर प्याडमा (letterhead)]

मिति :–

श्री ..................................
.......................................
......................**[न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राहि बोलपत्रदाताको नाम र ठेगाना उल्लेख गर्ने ]**

...................................... का .......... जवान ......... को लागि राशन आपूर्ति कार्यको निमित्त यस ...............................बाट मिति .................................... मा प्रकाशन भएको बोलपत्र आव्हानको सूचना नं ............ सम्बन्धमा त्यस फर्मले मिति .................. मा पेश गरेको बोलपत्र अनुसार त्यस फर्मको मूल्य अभिबृद्धि कर सहितको कबोल अंक रु. ....................................... कायम भएको र बोलपत्र सम्बन्धी कागजातमा भएको व्यवस्था बमोजिम त्यस फर्मको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना गरेका छौं ।

**बोधार्थ:**
श्री....... ......[सबै बोलपत्रदाताको नाम उल्लेख गर्ने ]
श्री....... ...........
श्री....... ...........

___________________________
(हस्ताक्षर)

पद: ––––––––––––––––––

निकायको नाम: ––––––––––––

# (ज) बोलपत्र स्वीकृति पत्र

[कार्यालयको लेटर प्याडमा (letterhead)]

मिति :–

श्री .................................

.......................................

...............**[सारभूतरुपमा प्रभावग्राहि न्यूनतम मूल्याङ्कित बोलपत्रदाताको नाम र ठेगाना ]**

यस ..........बाट ....................... ............ का .......... जवान ......... को लागि राशन आपूर्ति कार्यको निमित्त मिति ...............................मा प्रकाशन भएको बोलपत्र आव्हानको सूचना नं ............ सम्बन्धमा त्यस फर्मले मिति .............. मा दिएको बोलपत्र अनुसार मूल्य अभिबृद्धि कर सहितको कवोल रकम रु. ................ को बोलपत्र स्विकृत भएको जानकारी गराउदछौ।

सम्झौता रकमको पाँच प्रतिशतले हुने रु.............................नेपाल राष्ट्र बैंकबाट “क” श्रेणीको ईजाजतपत्र प्राप्त बाणिज्य बैंकले जारी गरी कम्तिमा ............ सम्म मान्य अवधि भएको कार्य सम्पादन जमानत पन्ध्र दिन भित्रमा यस .................मा पेश गरी सम्झौता गर्न आउनु होला।

उपरोक्त बमोजिम कार्य सम्पादन जमानत पेश गरी सम्झौता नगर्नु भएमा तपाईले बोलपत्र साथ पेश गरेको बोलपत्र जमानत जफत गरिनेछ।

____________________

(हस्ताक्षर)

पद: –––––––––––––––––––––––

सार्वजनिक निकायको नाम: ––––––––

## (झ) लिखित घोषणा पत्रको नमूना

श्रीमान अध्यक्ष ज्यू,
साधारण राशन/विरामी डाइटको ठेक्का व्यवस्था समिति,
........................................ व्यारेक ।

बिषय : **लिखित घोषणा पत्र** ।

महोदय,

उपरोक्त विषयमा त्यस बाहिनी अड्डाको आ.ब. ०७३/७४ को साधारण राशन/बिरामी डाइटको ठेक्का बन्दोबस्त सम्बन्धी कार्यको लागि बोलपत्र पेश गर्न तथा खरिद कारवाहीमा भाग लिन हामी पूर्ण रुपमा योग्य र सक्षम रहेको एवं प्रस्तावित खरिद कारवाहीमा हाम्रो कुनै स्वार्थ नबाझिएको र यस पेशा वा व्यवसाय सम्बन्धमा हामीले कुनै कसूर नगरेको, सजाय समेत नपाएको र कुनै निकायको कालो सूचिमा नपरेको व्यहोराको यो लिखित घोषणा पत्र बोलपत्रसाथ पेश गरेको छु/छौं । झुठा ठहरे कानून बमोजिम सजाय भोग्न तयार छु/छौं ।

**बोलपत्रदाता**

फर्म/व्यक्ति/कम्पनी/सस्थाको नाम :
सो को आधिकारीक व्यक्तिको नाम :
दस्तखत :
मिति :
छाप :

# खण्ड-५
# सम्झौताका सामान्य शर्तहरु

| | |
|---|---|
| १. परिभाषा : | **१.१** यस सम्झौतामा उल्लेख भएका निम्न शब्दहरुको अर्थ निम्न उल्लेख भए बमोजिम हुनेछन् :<br>(क) **"खरिद सम्झौता"** भन्नाले खरिदकर्ता र आपूर्तिकर्ताबीच भएको सम्झौता र सम्झौतामा उल्लिखित अन्य कागजपत्रहरुलाई सम्झनु पर्दछ।<br>(ख) **"सम्झौता रकम"** भन्नाले सम्झौता अन्तरगतको सम्पूर्ण काम सम्पादन गरे वापत आपूर्तिकर्तालाई भुक्तानी दिइनु पर्ने मूल्य सम्झनुपर्दछ।<br>(ग) **"राशन"** भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वा नेपाल सरकारले तोकिदिएका सरकारी कर्मचारी, अस्पतालका विरामी, कारागारका थुनुवा र पशुपंक्षी आदिको खानाका सम्बन्धमा नेपाल सरकारले तोकिदिएको राशनको आवश्यकता सम्बन्धी तालिकामा उल्लिखित जिन्सी सम्झनुपर्दछ।<br>(घ) **"खरिदकर्ता"** भन्नाले **खरिद सम्झौताको विशेष शर्तमा** उल्लेख भएको राशन खरिद गर्ने सार्वजनिक निकाय सम्झनुपर्दछ।<br>(ङ) **"आपूर्तिकर्ता"** भन्नाले यस **सम्झौताको विशेष शर्तमा** उल्लेख भएको राशन आपूर्ति गर्ने व्यक्ति/फर्म/संस्था/कम्पनी वा त्यस्तो व्यक्ति/फर्म/संस्था/कम्पनीको कानूनी रुपले भएको उत्तराधिकारीलाई सम्झनु पर्नेछ, तर खरिदकर्ताको मन्जुरी विना कुनै प्रतिनिधि मान्य हुने छैन।<br>(च) "**स्पेशिफिकेशन (Specification)**": भन्नाले खरिद सम्झौता बमोजिम आपूर्ति हुने राशनका सामानहरुको प्राविधिक विवरण सम्झनु पर्दछ।<br>(छ) "**मूल्य परिमाण सूचि**" : भन्नाले बोलपत्रको अंगको रुपमा रहेको मूल्य उल्लेख गरी तयार गरिएको राशनको परिमाण सुचि सम्झनु पर्दछ।<br>(ज) "**बोलपत्र**": भन्नाले राशन आपूर्ति गर्ने व्यवसायीले खरिद सम्झौतामा भएको ब्यवस्था बमोजिम सम्पूर्ण राशन आपूर्ति गरी काम पुरा गर्न र कुनै त्रुटी भए सो त्रुटीसमेतलाई खरिद सम्झौतामा भएको ब्यवस्था बमोजिम सुधार गर्न पेश गरेको दररेट सहितको प्रस्ताव भन्ने बुझिन्छ।<br>(झ) "**बोलपत्र स्वीकृति पत्र**" : भन्नाले खरिदकर्ताले बोलपत्र स्वीकृत गरी आपूर्तिकर्तालाई गराएको जानकारी सम्झनु पर्दछ।<br>(ञ) "**कार्यारम्भ मिति (Commencement Date)**" M भन्नाले **सम्झौताको विशेष शर्तमा** उल्लेख भएको मिति सम्झनु पर्दछ।<br>(ट) "**दिन**" : भन्नाले क्यालेण्डर (पात्रो) मा भएको दिन सम्झनु पर्दछ।<br>(ठ) "**कार्य सम्पादन अवधि (Time for completion)**" : भन्नाले कार्यारम्भ मिति देखि खरिद सम्झौताको बिशेष शर्तमा उल्लेखित कार्य सम्पन्न गर्न तोकीएको समयावधि वा सो अवधिमा थप भएको अवधि समेत सम्झनु पर्दछ।<br>(ड) "**एडजुडिकेशन (Adjudication)**": भन्नाले खरिदकर्ता तथा आपूर्तिकर्ता बीच उठेको विवाद उपर आपसि समझदारीबाट समाधान हुन नसकेमा विवाद समाधानको लागि अपनाउने प्रक्रियाहरु सम्झनु पर्दछ। |
| **१.२ व्याख्या (Interpretation)** | **१.२.१** **"व्यक्ति वा पक्ष (Party)"** भन्नाले फर्म, संस्था/कम्पनी वा संस्था सम्झनु पर्दछ। एक वचन वा कुनै एक लैङ्गिक शब्दले वहुवचन वा अर्को लैंङ्गिक शब्दलाई समेत जनाउने छ। |
| **१.३ कागजातहरुको प्राथमिकता (Priority of Documents)** | **१.३.१** खरिद सम्झौतामा संलग्न कागजातहरु एक अर्कामा स्पष्ट हुनेछन्। कुनै कागजातमा अस्पष्टता वा भिन्नता देखिन आएमा खरिदकर्ताले आपूर्तिकर्तालाई आवश्यक निर्देशन दिन सक्नेछ र कागजातहरुको प्राथमिकता खरिद सम्झौतामा उल्लेख गरिएको क्रम अनुसार हुनेछ। |

| | |
|---|---|
| **१.४ लागू हुने कानून (Law)** | १.४.१ यस खरिद सम्झौताको प्रकृयामा नेपालको कानून लागू हुनेछन्। |
| **१.५ पत्र व्यवहार वा संचार (Communications)** | १.५.१ कुनै पनि पक्षले कुनै किसिमको सूचना वा निर्देशन लिने दिने वा अन्य संचार प्रकृया सम्बन्धमा अन्यथा ब्यवस्था भएकोमा वाहेक नेपाली भाषामा लिखित रुपमा गर्नु पर्नेछ र त्यस्तो सूचना वा निर्देशन लिने दिने कार्यमा बिना कारण रोकिने वा ढिलाई गरिने छैन।<br>१.५.२ कुनै सूचना पठाउँदा त्यस्तो सूचना पाउने बोलपत्रदाताको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो सूचना बुझाउन नसकिएको अबस्थामा सो विषयको संक्षिप्त विवरण उल्लेख गरी राष्ट्रिय स्तरको दैनिक समाचारपत्र मा सार्वजनिक सूचना प्रकाशित भएकोमा त्यस्तो व्यक्ति वा पक्षले रीतपूर्वक सूचना पाएको मानिनेछ। |
| **१.६ कानूनी दायित्व (Statutory Obligation)** | १.६.१ आपूर्तिकर्ताले कार्य सम्पादन गर्दा नेपालको प्रचलित कानून पालना गर्नु पर्नेछ। राशन आपूर्ति गर्दा लाग्ने मूल्य अभिबृद्धि कर बाहेकका सवै शुल्क तथा दस्तुर (कर) बुझाउनु पर्नेछ। |
| **१.७ भाषा** | १.७.१ यो खरिद सम्झौता अन्तर्गत प्रयोग हुने भाषा नेपाली हुनेछ। |
| **१.८ सूचनाको आदान प्रदान** | १.८.१ साधारण राशन/विरामी डाईट खरिद सम्झौता कार्यान्वयनका क्रममा सूचना आदान प्रदान गर्ने प्रयोजनको लागि खरिदकर्ता र आपूर्तिकर्ताको ठेगाना **खरिद सम्झौताको विशेष शर्तमा** उल्लेख भए बमोजिम हुनेछ। |
| **२. खरिदकर्तालाई सुरक्षित राखुपर्ने** | २.१ यस सम्झौता बमोजिम आपूर्ति हुने कुनै राशन सम्बन्धी सामानको उत्पादनमा रहेको एकलौटी अधिकार, व्यापारिक चिन्ह वा औद्योगिक डिजाइनको अधिकार आदिका सम्बन्धमा तेस्रो पक्षबाट हुने जुनसुकै दावीबाट आपूर्तिकर्ताले खरिदकर्तालाई सुरक्षित राख्नुपर्नेछ। |
| **३ कार्य सम्पादन जमानत (Performance Security)** | ३.१ आपूर्तिकर्ताले खरिद सम्झौता गर्नु अघि खरिदकर्ताबाट खरिद सम्झौता प्रदान गर्ने जानकारीपत्र प्राप्त भएको मितिले पन्ध्र दिनभित्र **खरिद सम्झौताको बिशेष शर्तमा** उल्लेख भए बमोजिमको रकमको चालु बर्षको माघ १ गतेबाट लागू हुने गरी कम्तिमा १३ (तेह्र) महिनाको मान्य अवधि भई नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजतपत्र प्राप्त बाणिज्य बैंकबाट बोलपत्र सम्बन्धी कागजातमा दिइएको ढाँचामा जारी भएको कार्य सम्पादन जमानत दाखिला गर्नु पर्नेछ।<br>३.२ साधारण राशन/विरामी डाईट आपूर्ति गर्ने काम पुरा भएपछी कार्य सम्पादन जमानत फिर्ता गर्न आपूर्तिकर्ताबाट काम पुरा गरेको व्यहोरा सहितको दावी प्राप्त भए पश्चात कार्यसम्पादन जमानत वापतको रकम फुकुवा गरिनेछ। |
| **४. गुणस्तरको निश्चितता र निरीक्षण तथा परीक्षण** | ४.१. खरिदकर्तालाई आपूर्ति गरिने साधारण राशन/विरामी डाईट सम्झौतामा उल्लिखित स्पेसिफिकेशन बमोजिमको गुणस्तर भए नभएको निश्चित गर्न खरिदकर्ताको तर्फबाट थप शुल्क नव्यहोरी आबश्यकता अनुसार निरीक्षण वा जाँच गर्न पाउने अधिकार हुनेछ। प्राविधिक स्पेसिफिकेशनमा उल्लेख भए अनुसारको मालसामान हो भन्ने निश्चित गर्न **सम्झौताको विशेष शर्तमा** उल्लिखित स्थानमा निरीक्षण वा परीक्षण गर्दा आवश्यकता अनुसार सबै मालसामान वा सोको नमूना छनौट गरी गुणस्तरीयता निरीक्षण वा परिक्षण गर्न सकिने छ।<br>४.२ प्रत्येक पटक साधारण राशन/विरामी डाईट आपूर्ति हुँदा स्पेसिफिकेशन अनुसार भएको सुनिश्चित गर्न हेरेर, छामेर, चाखेर, तौलेर वा प्रयोगशालामा परीक्षण गरेर गुणस्तरीयता निरीक्षण वा परिक्षण गर्न सकिनेछ।<br>४.३ निरीक्षण वा परीक्षणबाट अस्वीकृत साधारण राशन/विरामी डाईट/दानाघांस/डग राशन सामग्रीहरु आपूर्तिकर्ताले तुरुन्त फिर्ता लगी सोको सट्टा स्पेसिफिकेशन बमोजिमको सामान आपूर्ति गर्नु पर्नेछ।<br>४.५ सम्झौता अनुसारको गुणस्तरको साधारण राशन/विरामी डाईट उपलब्ध नगराएको पाइएमा सम्झौता भंग समेत गर्न सकिनेछ।<br>४.६ निरीक्षण वा परीक्षण गर्दा खरिदकर्ता र आपूर्तिकर्ता वीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद सम्झौताको सामान्य शर्तको दफा १३ को प्रकृया बमोजिम समाधान गर्नु पर्नेछ। |
| **५. प्याकिङ्ग :** | ५.१. आपूर्तिकर्ताले आपूर्ति गर्ने राशन सामाग्रीहरु खरिद सम्झौतामा अन्तिम गन्तव्य भनी उल्लेख भएको स्थानसम्म पुऱ्याउनका लागि पठाउने क्रममा हानी नोक्सानी नहुने र गुणस्तर नबिग्रने गरी उपयुक्त किसिमबाट प्याकिङ्ग गराउनु पर्नेछ।<br>५.२ मालसामान ढुवानीको क्रममा लोड अनलोड गर्न उपयुक्त तरिका नअपनाइदा, बढी तापक्रमका |

| | |
|---|---|
| | कारण मालसामानमा पर्ने प्रभाव, खुला ठाउँमा राख्दा पर्ने असरहरु समेतबाट बचाउने गरी प्याकिङ्गको व्यवस्था गर्नु पर्ने छ।<br>**५.३.** साधारण राशन/विरामी डाईटका सामानको प्याकिङ्ग गर्ने तरिका, प्याकिङ्ग भित्र र वाहिर उल्लेख गर्नुपर्ने विवरण, संकेत चिन्ह जस्ता विशेष आवश्यकताहरु आवश्यकता अनुसार उल्लेख गरिएको हुनुपर्नेछ। |
| **६. राशनको आपूर्ति** | **६.१.** "साधारण राशन/विरामी डाईटको आवश्यकता सम्बन्धी तालिका" मा उल्लेख भए बमोजिमको राशन सामग्रीको आपूर्ति प्रत्येक महिनामा हुनु पर्नेछ।<br>**६.२** गत महिना आपूर्ति गरेको साधारण राशन/विरामी डाईटको भूक्तानी कुनै कारणबाट हुन नसकेको अवस्थामा पनि कुनै अड्चन विना आगामी महिनाको साधारण राशन/विरामी आपूर्ति गर्नु पर्नेछ। |
| **७. भुक्तानीको मुद्रा** | **७.१** साधारण राशन/विरामी डाईट आपूर्तिको भुक्तानी नेपाली रुपैयामा गरिनेछ |
| **८. पेश्कि भुक्तानी** | **८.१** खरिद सम्झौतामा हस्ताक्षर भए पश्चात आपूर्तिकर्ताले बैंक जमानत सहित पेश्कि माग भएपछी **खरिद सम्झौताको विशेष शर्तमा** उल्लेख भए बमोजिमको पेश्किभुक्तानी गरिनेछ।<br>**८.२** आपूर्तिकर्ताले पेश्कीमाग गर्दा बोलपत्र सम्बन्धी कागजातमा दिइएको ढांचा वा खरिदकर्तालाई स्वीकार हुने अन्य कुनै ढाँचामा पेश्किरकम बराबरको नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत प्राप्त बाणिज्य बैंकबाट जारी भएको कम्तिमा सात महिना मान्य अवधि भएको बैंक जमानत सहित पेश्किमाग पत्रका आधारमा यस्तो पेश्किभुक्तानी गरिनेछ।<br>**८.३** खरिदकर्ताले सम्झौताको सामान्य शर्तको ८.२ बमोजिम दिएको पेश्कि रकम आपूर्तिकर्ताको प्रत्येक महिनाको बिलबाट पचास प्रतिशतको हिसाबले कट्टी गरी चालू आर्थिक वर्षको अन्तसम्ममा सम्पूर्ण पेश्कि रकम असूल गरिनेछ।<br>**८.४** आपूर्तिकर्तालाई प्रथम पटक दिएको पेश्कि रकम असूल भएपछि खरिदकर्ताले आपूर्तिकर्ताबाट बोलपत्र सम्बन्धी कागजातमा दिइएको ढाँचा वा खरिदकर्तालाई स्वीकार हुने अन्य कुनै ढाँचामा पेश्किरकम बराबरको नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत प्राप्त बाणिज्य बैंकबाट जारी भएको कम्तिमा सात महिना मान्य अवधि भएको बैंक जमानत सहित पेश्किमाग पत्रका आधारमा नयाँ आर्थिक वर्षको श्रावण महिनामा **खरिद सम्झौताको विशेष शर्तमा** उल्लेख भए बमोजिमको पेश्किभुक्तानी गरिनेछ।<br>**८.५** खरिदकर्ताले सम्झौताको सामान्य शर्तको दफा ८.४ बमोजिम दिएको पेश्कि रकम आपूर्तिकर्ताको प्रत्येक महिनाको बिलबाट पचास प्रतिशतको हिसाबले कट्टी गरी सोही आर्थिक वर्षको पौष मसान्तसम्ममा सम्पूर्ण पेश्कि रकम असूल गरिनेछ।<br>**८.६** आपूर्तिकर्ताले सम्झौताको सामान्य शर्तको दफा ८.१ र ८.४ बमोजिम दिईएको पेश्किरकम बराबरको साधारण राशन/विरामी डाईट/दानाघांस/डग राशन आफ्नो गोदाममा मौज्दात राख्नु पर्नेछ।<br>**८.७** सम्झौताको सामान्य शर्तको दफा ४.५ बमोजिम वा अन्य कुनै कारणले सम्झौता भङ्ग भएकोमा आपूर्तिकर्ताले खरिदकर्तालाई कुनै पेश्कि रकम तिर्न बाँकी भए त्यस्तो पेश्किरकम र सो रकममा पेश्कि लिएको मिति देखि वार्षिक दश प्रतिशतका दरले हुने ब्याज समेत तिर्नु पर्नेछ। सम्झौता भङ्ग भएको मितिले तीस दिनभित्र आपूर्तिकर्ताले बाँकी पेश्कि नतिरेमा सो रकम र सो रकमको दश प्रतिशत व्याज सहित निजवाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।<br>**८.८** पेश्की नलिएको अवस्थामा समेत स्वीकृत आपूर्तिकर्ताले बार्षिक खेताला संख्याको आधारमा हुने नफ्रिको लागि सड्ने गल्ने बाहेकको २ महिनाको स्टक र १ महिनाको चालु राशन सामग्रीहरु अनिवार्य रुपमा स्टक मौज्दात राख्नु पर्नेछ। |
| **९. बीलको भुक्तानी** | **९.१** आपूर्तिकर्ताले साधारण राशन/विरामी डाईट सामग्री आपूर्ति गरे वापतको रकम भुक्तानी दावी गर्दा खरिद सम्झौतामा उल्लेखित मूल्य भन्दा फरक हुनु हुँदैन।<br>**९.२** साधारण राशन/विरामी डाईट/दानाघांस/डग राशन सामग्री खरिद सम्झौता बमोजिम आपूर्ति भई खरिदकर्ताले स्वीकार गरे पछि आपूर्तिकर्ताको प्रत्येक महिनाको बिलबाट पचास प्रतिशतको हिसाबले पेश्किकट्टी गरी खरिदकर्ताले आपूर्तिकर्तालाई वीलको भुक्तानी एक महिना भित्र गर्नेछ। |
| **१०. खरिदको आदेशमा परिवर्तन** | **१०.१.** खरिदकर्ताले आवश्यकताको तालिकामा परिवर्तन गर्न चाहेमा यस्तो परिवर्तन **खरिद सम्झौता बमोजिमको विशेष शर्तमा** उल्लेख भए बमोजिमको प्रतिशतमा हुने छ। |

| | |
|---|---|
| **११. क्षतिपूर्ति** | **११.१.** खरिद सम्झौतामा उल्लिखित समयावधिभित्र आपूर्तिकर्ताले केही वा सबै मालसामान आपूर्ति गर्न असफल भएमा खरिदकर्ताले बजार खरिद गरी साधारण राशन/विरामी डाईट/दानाघांस/डग राशन आपूर्ति गर्न सक्नेछ। यसरी बजार खरिद गर्दा लागेको बढी खर्च रकम आपूर्तिकर्ताबाट असूल उपर गरिनेछ। बढी खर्च हुने रकम दश प्रतिशत भन्दा बढी भएमा खरिद सम्झौता समाप्त गर्न सकिने छ। |
| **१२. नया खरिद व्यवस्था हुन नसक्दाको अवस्थामा राशन आपूर्ति गर्नु पर्ने** | १२.१ कुनै कारणबाट खरिदकर्ताले आगामी अवधीका लागि साधारण राशन/विरामी डाईट/दानाघांस/डग राशन खरिद व्यवस्था समयमा गर्न नसकेको अवस्थामा आपूर्तिकर्ताले खरिद सम्झौतामा उल्लेखित दरमा अर्को खरिद व्यवस्था नभएसम्मको लागि राशन उपलब्ध गराउनु पर्नेछ। यस सम्बन्धी थप पुष्ट्याई **सम्झौताका विशेष शर्तमा** उल्लेख गरिएको छ। |
| **१३. विवाद समाधान** | **१३.१.** खरिद सम्झौता कार्यान्वयनको क्रममा खरिदकर्ता र आपूर्तिकर्ताको बीचमा विवाद वा मतभिन्नता उत्पन्न भएमा दुवै पक्षको आपसी छलफलबाट पारस्परिक सहमतिमा विवाद समाधान गर्न अत्यधिक प्रयत्न गर्नु पर्नेछ।<br>**१३.२** यदि तीस दिन वितिसक्दा पनि दुवै पक्ष पारस्परिक सहमतिमा विवाद समाधान गर्न सफल हुन नसकेमा दुईमध्ये कुनै एक पक्षले मध्यस्थताको माध्यमबाट विवादको समाधान खोज्ने आफ्नो मनसाय रहेको भनी विवादको विषयको विवरण सहितको सूचना अर्को पक्षलाई दिनु पर्नेछ। यस्तो सूचना नदिई विवादमा रहेको कुनै विषयको समाधानको प्रकृया मध्यस्थताको माध्यमबाट प्रारम्भ हुन सक्ने छैन।<br>**१३.२.१** कुनै विवाद मध्यस्थताको माध्यमबाट समाधान खोज्ने भनी अर्को पक्षलाई यस दफा बमोजिमको सूचना दिइएको अवस्थामा विवाद समाधान मध्यस्थताकै प्रकृयाबाट हुनेछ। सम्झौता भएको राशन आपूर्ति हुनु पूर्व वा आपूर्ति भएपछि पनि मध्यस्थताको प्रकृया प्रारम्भ हुन सक्नेछ।<br>**१३.२.२** दश करोड रुपैयासम्म सम्झौता मूल्य भएको खरिद सम्झौताको विवादको समाधान निर्णयकर्ता (एडजुडिकेटर) द्वारा र सो भन्दा बढी सम्झौता मूल्य भएको खरिद सम्झौताको विवादको समाधान तीन सदस्यीय विवाद समाधान समितिद्वारा गरिनेछ।<br>**१३.२.३** निर्णयकर्ताको वा विवाद समाधान समितिका सदस्यहरुको नियुक्ति खरिदकर्ता र सम्बन्धित आपूर्तिकर्ताको सहमतिमा हुनेछ र निजहरुको पारिश्रमिक दुबै पक्षले व्यहोर्नु पर्नेछ।<br>**१३.३** मध्यस्थताको माध्यमबाट विवाद समाधानको प्रकृया प्रारम्भ भएपछि निम्नानुसार गर्नुपर्नेछः<br>(क) अन्यथा सहमति भएकोमा बाहेक दुवै पक्षले खरिद सम्झौता अनुसारको पारस्परिक दायित्वलाई निरन्तरता दिइरहनुपर्ने।<br>(ख) आपूर्तिकर्तालाई भुक्तानी दिन कुनै रकम बाँकी भए खरिदकर्ताले यस्तो भुक्तानी दिनुपर्ने। |
| **१४. सम्झौताको समाप्ती** | **१४.१** आपूर्तिकर्ताले खरिद सम्झौता बमोजिम कार्यसम्पादन नगरेमा सम्झौता अन्त गर्न सकिने छ। आपूर्तिकर्ताले काम नगरेको कारणबाट सम्झौताको अन्त हुँदा खरिद सम्झौता बमोजिमको काम गराउन लाग्ने थप खर्च वापतको दायित्व आपूर्तिकर्ताले व्यहोर्नु पर्नेछ। |
| **१५. मूल्य समायोजन** | **१५.१** राशन खरिदमा मूल्य समायोजन (घटबढ) हुने छैन। |
| **१६. कर तथा शुल्क** | **१६.१.** नेपाल सरकारले लगाएका मूल्य अभिबृद्धि कर बाहेकका सबै किसिमका कर, शुल्क, इजाजत दस्तुर आदिका सम्बन्धमा आपूर्तिकर्ता पूर्ण रुपमा जिम्मेवार हुनेछ। |
| **१७. कालो सूचिमा राख्न सकिने** | **१७.१** देहायको अवस्थामा बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक देखि तीन वर्षसम्म कालो सूचिमा राख्न सक्नेछ :–<br>(क) बोलपत्रदातालाई निर्देशनको दफा ३६ बमोजिमको आचरण विपरित काम गरेको प्रमाणित भएमा,<br>(ख) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,<br>(ग) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा,<br>(घ) योग्यता ढांटी वा भुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा।<br>१७.२ कालोसूचिमा राखिएको बोलपत्रदाताले कालो सूचिमा रहेको अवधिसम्म सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन सक्ने छैन। |

| | |
|---|---|
| **१८. सम्झौताको उल्लंघन भएमा वा ठेक्का तोडिएको अवस्थामा हुने कारवाही** | **१८.१ सम्झौताका विशेष शर्तमा** उल्लेख भए बमोजिम हुनेछ। |
| **१९. आपूर्तिकर्ताले पालना गर्नुपर्ने सम्झौता सम्बन्धी विविध शर्तहरु** | **१९.१ सम्झौताका विशेष शर्तमा** उल्लेख भए बमोजिम हुनेछ। |

# खण्ड- ६.
# सम्झौताका विशेष शर्तहरु

| दफा | दफा नं. (Clause No.) | विशेष शर्तहरु |
|---|---|---|
| १. परिभाषा : | १.१ (घ) | खरिदकर्ताको :<br>नाम: नं.२६ बाहिनी अड्डा, भकुण्डेबेसी काभ्रे । |
| | १.१ (ङ) | आपूर्तिकर्ताको :<br>नाम: |
| | १.१ (ञ) | सम्झौता प्रारम्भ हुने मिति:<br>२०७३ सालको माघ १ गतेदेखि २०७४ साल पौष मसान्तसम्म |
| १.८ सूचनाको आदान प्रदान | १.८.१ | **खरिदकर्ताको ठेगाना** :<br>ठेगाना: नं.२६ बाहिनी अड्डा, भकुण्डेबेसी काभ्रे ।<br>फोन नं.: ०११ ४०४०८४<br>ईमेल ठेगाना: 26bdeops@gmail.com<br>फ्याक्स नं. ०११ ४०४०८५ |
| | १.८.१ | **आपूर्तिकर्ताको ठेगाना:**<br>ठेगाना:<br>फोन नं.:<br>ईमेल ठेगाना:<br>फ्याक्स नं. |
| ३. कार्य सम्पादन जमानत | ३.१ | **कार्य सम्पादन जमानत रकम :** बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अंक अबुल गरेको अवस्थामा कबुल अंकको पांच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबोल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटि कबोल गरेको छ, सो को पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पांच प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत दाखिला गर्नु पर्नेछ। |
| ४. गुणस्तरको निश्चितता र निरीक्षण तथा परीक्षण | ४.१ | साधारण राशन/बिरामी डाईट को गुणस्तर परीक्षण हुने स्थानको नाम र ठेगाना:<br>नाम:<br>ठेगाना: |
| ८. पेशिक भुक्तानी | ८.१ | **पेशिक दिने व्यवस्था:** मूल्य अभिबृद्धि कर बाहेकको सम्झौता रकमको २५ प्रतिशत सम्म |
| | ८.४ | **दोस्रो पटक पेशिक दिने व्यवस्था:** मूल्य अभिबृद्धि कर बाहेकको सम्झौता रकमको २५ प्रतिशत सम्म<br>[सामान्यतया सम्झौता रकमको पच्चीस प्रतिशतसम्म उल्लेख गर्ने ] |
| १०. खरिदको आदेशमा परिवर्तन | १०.१ | १. बोलपत्रमा उल्लेखित सबै आइटमको बार्षिक (जम्मा महलमा उल्लेखित) परिमाणमा जतिसुकै परिमाण घटिबढि भएमा पनि राशन आपूर्ती गुर्न पर्ने छ।<br>२. ठेक्का बन्दोवस्त भएको जिल्ला लोकेशनमा अस्थाई वा स्थायी रुपमा तैनाथ रहने गरि विभिन्न युनिटहरु स्थानान्तरण भई आएमा वा गएमा त्यस्ता युनिटहरुलाई समेत स्वीकृत आपूर्तिकर्ताले स्वीकृत कबुलदरमा कुनै घटबढ र हर्जावाधा नपारी सुचारु रुपले साधारण राशन/बिरामी डाइट आपूर्ति गर्नु पर्नेछ। |

| | | |
|---|---|---|
| **११. नमूनामा परिवर्तन गरी उपभोग गर्ने अवस्था** | **११.१** | आपूर्तिकर्ताले आफूले वोलपत्रसाथ पेश गरेको नमूना बमोजिमकै साधारण राशन/विरामी डाईट आपूर्ति गर्नु पर्नेछ। कुनै कारणवश नेपाल सरकारको कुनै निकायबाट खान वर्जित (उपभोग योग्य नभएको) भनी तोकेको अवस्थामा वा भवितव्य परी नमुना बमोजिमको राशन उत्पादन नहुने वा बजारमा नपाईने वा आपूर्ति हुन नसक्ने परिस्थिती श्रृजना भएको खण्डमा सो को प्रमाण सहित उक्त राशन सामग्रीको बदलामा तोकिएको स्पेशिफिकेशन र गुणस्तर अनुरुपको अर्को राशन सामग्री नेपाल खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा त्यसका क्षेत्रीय कार्यालयहरुमा परीक्षण गराई उक्त राशन सामग्री गुणस्तर परिधि भित्र परेको भन्ने सक्कलै परीक्षण प्रतिवेदन प्राप्त भएपछि विभागिय निर्देशन बमोजिम उपभोग गर्न सकिनेछ । |
| **१२. नयां खरिद व्यवस्था हुन नसक्दाको अवस्थामा राशन आपूर्ति गर्नु पर्ने** | **१२.१** | **सम्झौताको सामान्य शर्तको** दफा १२.१ मा जुनसुकै कुरा उल्लेख भएतापनि ठेक्का स्वीकृत भई ठेक्का सम्झौता अवधि समाप्त हुनु भन्दा केही महिना अगाडीबाट अर्को वर्षको नयां ठेक्का व्यवस्थाको लागि प्रकृयागत कारवाही शुरु गरिनेछ। सो कार्य नभएसम्म अर्थात नयां ठेक्का वन्दोवस्त नभएसम्म साबिककै आपूर्तिकर्ताले साबिककै दरमा साधारण राशन/बिरामी डाइट राशन सामान खुवाउनु पर्ने अवस्था परि खरिदकर्ताले सम्झौताको म्याद थप गरी खुवाउन निर्देशन गरेमा स्वीकृत बोलपत्रदाताले साविककै ठेक्काको शर्त र मूल्यमा साधारण राशन/बिरामी डाइट खुवाउदै जानु पर्नेछ। |
| **१८. सम्झौताको उल्लंघन भएमा वा ठेक्का तोडिएको अवस्थामा हुने कारवाही** | **१८.१** | १. आपूर्तिकर्ताले सम्झौताको शर्त बमोजिम **साधारण राशन/बिरामी डाइट** आपूर्ति नगरेको अवस्थामा सार्वजनिक खरिद ऐन २०६३, (पहिलो संशोधन अध्यादेश २०७३) को दफा ५९ को उपदफा (२) र (७) मा भएको संशोधित प्रावधान अनुसार सार्वजनिक निकायले खरिद सम्झौता जुनसुकै वखत अन्त्य गर्न सक्नेछ।<br>२. स्वकृित आपूर्तिकर्ताले ठेक्का समूहमा आवद्ध युनिटहरु मध्ये सवै वा कुनै युनिटमा ठेक्का सम्झौता बमोजिम सूचारु रुपमा राशन आपूर्ति नगरी दैनिक रुपमा उपभोग गर्नुपर्ने राशनमा हर्जाबाधा पारी सम्झौताको उलंघन गरेको अवस्थामा उपरोक्त संशोधित ऐन बमोजिम हर्जाबाधा परेको कुनै एक युनिटले मात्र पनि ठेक्का बन्दोवस्त गर्ने युनिटमा खरिद सम्झौता उलंघन भएको प्रमाण सहित प्रतिवेदन पेश गरेको अवस्थामा ठेक्का बन्दोवस्त गर्ने युनिटले पुरै समूहको लागि भएको खरिद सम्झौता भंग गर्न सक्नेछ।<br>३. सार्वजनिक खरिद ऐन २०६३, (पहिलो संशोधन अध्यादेश २०७३) को दफा ५९ को उपदफा (७) बमोजिम सम्झौताको अन्त्य भएमा सोही दफाको उपदफा (८) मा भएको प्रावधान बमोजिम सम्झौता बमोजिम बांकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बांकी सरह असुल उपर गरिनेछ।<br>४. सार्वजनिक खरिद ऐन २०६३, (पहिलो संशोधन अध्यादेश २०७३) को दफा ५९ को उपदफा (७) बमोजिम सम्झौताको अन्त्य भएको अवस्थामा सम्झौताको बांकी अवधीको लागि ऐ. ऐनमा भएको प्रावधान अनुरुपको प्रकृयागत कारवाही अगाडी बढाइनेछ। |
| **१९. आपूर्तिकर्ताले पालना गर्नुपर्ने सम्झौता सम्बन्धी विविध शर्तहरु** | **१९.१** | १. भौगोलिक अवस्था विषम परिस्थिति, स्वास्थ्यका कारण स्वास्थ्य मन्त्रालयबाट तथा नेपाल सरकारले कारणवस खान वर्जित (अयोग्य भनी) तोकेको अवस्थाका वा नेपाल सरकारको निर्णय अनुसार अन्य जुनसुकै कारणबाट ठेक्का वन्दोवस्त भएको साधारण राशन/बिरामी डाइट/दांनाघांस/डग राशन आइटम मध्ये कुनै आइटमको स्केल घटाउनु, बढाउनु परेमा वा आइटम नै हटाउनु पर्ने वा हटाइएको अवस्थामा र आंशिक रुपमा स्वीकार गर्नु परेमा समेत बोलपत्रदाता मन्जुर हुनु पर्नेछ। |

| | | |
|---|---|---|
| | | २. व्यारेकमा बुझाएको साधारण राशन/बिरामी डाइट/दांनाघांस/डग राशन सामानको छड्के (आकस्मिक) परीक्षण गर्दा नेपाल सरकारले तोकेको अनिवार्य गुणस्तरभित्र नपरेमा वा गुणस्तरयुक्त नभै सो साधारण राशन/बिरामीडाइटवाट उपभोगकर्ताको स्वास्थ्यमा नकारात्मक असर परेको प्रमाणित भएमा स्वीकृत आपूर्तिकर्तालाई नियमानुसारआवश्यककानूनीकारवाहीगरीठेक्कासमेत तोड्न सकिनेछ<br>३. एउटै जिल्ला भित्र रहेका विभिन्न युनिटहरुको सामुहिक र छुट्टाछुट्टै रुपमा ठेक्का बन्दोवस्त भए पछि समूह भित्रका प्रत्येक र छुट्टै ठेक्का बन्दोवस्त गर्ने हरेक युनिटहरुको व्यारेक लोकेशन एवं सुरक्षा कार्य, तालिम र अन्य सरकारी कार्यको लागि छोटो र लामो समयको निमित्त अस्थायी वा स्थायी रुपमा तैनाथ रहने आफ्नो जिल्ला भित्रका विभिन्न पोष्टहरु तथा आफ्नो जिल्ला भित्र अन्यत्र युनिटहरुबाट खट्टि रिपिटर स्टेशनहरुमा डिउटी लिइरहेका संख्या समेतको लागि सम्बन्धित जिल्ला कै स्वीकृत आपूर्तिकर्ताले जल,स्थल र हवाई साधन प्रयोग गरी आफ्नै ढुवानी खर्चवाट स्वीकृत दरमा साधारण राशन/बिरामी डाइट ढुवानी गरी पुर्‍याउनु पर्नेछ। सम्बन्धित जिल्लाको स्वीकृत आपूर्तिकर्ताले सोही जिल्ला र सो जिल्लाको स्वीकृत दरमा बाहेक अन्य जिल्ला र दरमा साधारण राशन/बिरामी डाइट आपूर्ति गर्न पाउने छैन।<br>४. आपूर्तिकर्ताले दाल (मास, रहर र चना बरावर परिमाणमा) र सुख्खा तरकारी ( केराउ, बोडी, भटमास र सिमी (राज्मा) १०/१० ग्रामका दरले र चना २० ग्रामका दरले) आपूर्ति गर्दा तोकिएको स्केल अनुसार आपूर्ति गर्नुपर्नेछ।<br>५. आपूर्तिकर्ताले तोकिएको स्पेशिफिकेसन वमोजिमको गुणस्तरको साधारण राशन/बिरामी डाइट खुवाउन नसकेमा वा तोकिएको सम्वन्धित युनिट र पोष्टहरुमा राशन सप्लाई गर्न नसकि साधारण राशन/बिरामी डाइट खुवाउने कार्यमा वाधा व्यवधान गरेमा सो व्यवधानको बारेमा स्वीकृत ठे.लाई लिखित जानकारी गराई सो उपर प्रचलित सार्वजनिक खरिद ऐन र नियम तथा ठेक्का सम्झौताका शर्त वमोजिम कारवाही चलाई ठेक्का तोडी कानून बमोजिम कारवाही गरिनेछ।<br>६. स्वीकृत साधारण राशन/बिरामी डाइट/दांनाघांस/डग राशन सामानको आपूर्तिकर्तालाई वोलपत्रमा समावेश सम्पूर्ण आइटमको बिजक अनुसारको रकममा प्रचलित नियमानुसारको अग्रीम आयकर र धरौटी कट्टा गरी बिजक अनुसारकै रकममा दरबन्दी अनुसारको मू.अ.कर थप गरी स्वीकृत वजेटको आधारमा मासिक भुक्तानी दिइनेछ। त्यसरी भुक्तानी दिदा पेश्की लिएको भए भुक्तानी रकमको ५० प्रतिशतका दरले पेश्की कट्टी गर्दै जानेछ।<br>७. स्वीकृत आपूर्तिकर्ताले पेश्की लिएको वा नलिएको अवस्थामा समेत बार्षिक खेताला संख्या अनुसार १ महिनाको चालु र २ महिनाको लागि पुग्ने सड्ने गल्ने बाहेकको साधारण राशन/बिरामी डाइट अनिवार्य रुपमा व्यारेकको भण्डारमा अग्रिम मौज्दात राख्नु पर्नेछ । पेश्की उपलब्ध भएमा सो पेश्की रकम बरावरको गुणस्तरयुक्त साधारण राशन/बिरामी डाइट/दांनाघांस/डग राशन सामान अनिवार्य रुपमा आपूर्तिकर्ताको गोदाममा मौज्दात राख्नु पर्नेछ र सो मौज्दात भित्र २ महिनालाई राखेको मौज्दात साधारण राशन/बिरामी डाइट/दांनाघांस/डग राशन सामानको समेत गणना गर्न सकिनेछ। आपूर्तिकर्ताले पेश्की लिएपछि पेश्की रकम बराबरको गुणस्तरयुक्त राशन आफ्नो गोदाममा मौज्दात राखे/नराखेको वारेमा आकष्मिक निरीक्षण एवं अनुगमन गरिनेछ । अनुगमन एवं निरीक्षण गर्दा पेश्की रकम बरावरको राशन मौज्दात राखेको नपाईएमा नियमानुसार कारवाही गरिनेछ।<br>८. ठेक्का सम्झौता भईसकेपछि पनि कुनै बोलपत्रदाताले मिलेमतो गरी बोलपत्र पेश गरेको, योग्यता ढांटेको, छलेको वा जालसाझी गरेको प्रमाणित भएमा त्यस्तो सम्झौता तोडी वा भंग गरी त्यस्तो फर्म वा स्वीकृत आपूर्तिकर्तालाई कालो सूचिमा राख्ने तर्फ कारवाहीको लागि सिफारिस गरिनेछ।<br>९. जुनसुकै कारणले ठेक्का तोडिएमा वा सम्झौता भंग भएमा सम्झौता हुंदाका बखत राखेको मु.अ.कर सहितको कार्य सम्पादन जमानत वापतको रकम जफत गरिनेछ।<br>१०. स्वीकृत आपूर्तिकर्ताले अनिवार्य रुपमा पालना गर्नु पर्ने शर्तहरुको सम्बन्धमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना, बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सामान्य तथा |

| | | |
|---|---|---|
| | | विशेष शर्तमा र यस सम्झौतामा लेखिएको जति कुरामा सोही बमोजिम र अन्य कुरामा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन अध्यादेश २०७३) र सार्वजनिक खरिद नियमावली २०६४ (तेश्रो सम्शोधन २०६८ सहित) अनुसार हुनेछ। |

# खण्ड-७
# प्राविधिक विवरण

**युनिट विशेषमा नै परीक्षण गर्न सकिने साधारण राशन/बिरामी डाइटको साधारण स्पेशिफिकेशनः**

१. नेपाली सेनामा प्रचलित साधारण राशन/बिरामी डाइट हरुको किसिम, स्तर र गुणस्तरमा एकरुपता कायम होस् भन्ने उदेश्यले निम्नानुसारको किसिम, स्तर र गुणस्तर (स्पेशिफिकेशन) उल्लेख गरिएको छ । आपूर्तिकर्ताले सोही बमोजिमको राशन/बिरामी डाइट/दांनाघांस/डग राशन सामानहरु आपूर्ति गर्नु पर्नेछ । तोकिएको स्पेशिफिकेशन अनुसारको साधारण राशन/बिरामी डाइट/दांनाघांस/डग राशन सामान यस वोलपत्रमा माग गरे बमोजिमको परिमाण तथा गुणस्तरको नभएमा त्यस्तो वोलपत्र उपर कुनै कारवाही हुने छैन । साधारण स्पेशिफिकेशन बमोजिमको नमुना साधारण राशन/बिरामी डाईट/दानाघांस/डग राशन पेश गर्ने बोलपत्रदाताको कर्तव्य र उक्त गुणस्तरको साधारण राशन/विरामी डाईट/दानाघांस/डग राशन बार्षिक रुपमा निरन्तर आपूर्ति गर्न सक्षम छु भनि प्रमाणित गर्ने अवसर भएकोले खरिदकर्तालाई आश्वस्त पार्ने मौकाको सदुपयोग गर्नु पनि बोलपत्रदाताको कर्तव्य रहनेछ ।

(क) **साधारण राशन तर्फ**

| सि.नं. | राशनको आईटम | स्पेसिफिकेशन वा प्राविधिक विवरण |
|---|---|---|
| **स्थानिय स्तरमा ठेक्का बन्दोवस्त गर्नुपर्ने आइटमहरु** | | |
| १ | **चामल** | १.१ जिरा मसिनो हुनु पर्नेछ।<br>१.२ पुरानो धानको चामल हुनुपर्नेछ।<br>१.३ बालुवा, ढुङ्गा, माटो र धुलो नमिसाइएको हुनु पर्नेछ।<br>१.४ भुस, चोकर, अखाद्य र अन्य दाना नमिसाइएको हुनु पर्नेछ।<br>१.५ घुन, किरा, चिल्सा आदी नलागेको ताजा हुनु पर्नेछ।<br>१.६ फुलग्रेडिङ्गयुक्त हुनु पर्नेछ। |
| २ | **दालहरु** | २.१ **मासको गेडा**<br>२.१.१ राम्रो, स्वच्छ र सफा हुनु पर्नेछ।<br>२.१.२ बाहिरी रंग तथा अन्य पदार्थ नमिसाइएको हुनु पर्नेछ।<br>२.१.३ सुकेको हुनु पर्नेछ।<br>२.१.४ ढुङ्गा, माटो र छेस्का नमिसाइएको हुनु पर्नेछ।<br>२.१.५ किरा नलागेको हुनु पर्नेछ।<br>२.२ **रहरको दाल**<br>२.२.१ राम्रो, स्वच्छ र सफा हुनु पर्नेछ।<br>२.२.२ बाहिरी रंग तथा अन्य पदार्थ नमिसाइएको हुनु पर्नेछ।<br>२.२.३ सुकेको हुनु पर्नेछ।<br>२.२.४ ढुङ्गा, माटो र छेस्का नमिसाइएको हुनु पर्नेछ।<br>२.२.५ किरा नलागेको हुनु पर्नेछ।<br>२.३ **चनाको दाल**<br>२.३.१ राम्रो, स्वच्छ र सफा हुनु पर्नेछ।<br>२.३.२ बाहिरी रंग तथा अन्य पदार्थ नमिसाइएको हुनु पर्नेछ।<br>२.३.३ सुकेको हुनु पर्नेछ।<br>२.३.४ ढुङ्गा, माटो र छेस्का नमिसाइएको हुनु पर्नेछ।<br>२.३.५ किरा नलागेको हुनु पर्नेछ। |
| ३ | **तोरीको तेल** | ३.१ दुर्गन्ध नभएको हुनु पर्नेछ।<br>३.२ बाहिरी रंग, गन्ध, कसर, फोहर मैला रहित स्वच्छ र सफा हुनु पर्नेछ।<br>३.३ पानी छुट्टिने गरी जलांश नभएको हुनु पर्नेछ।<br>३.४ उत्पादक कम्पनीबाटै सिलबन्दी भएको हुनु पर्नेछ।<br>३.५ नेपाल सरकारद्वारा ईजाजत प्राप्त उद्योग वा कम्पनीबाट उत्पादित र नेपाल सरकारले तोकेको गुणस्तरको परिधी भित्र परेको हुनु पर्नेछ। |
| ४ | **चिनी** | ४.१ उखुबाट उत्पादित सफा, शुद्ध, नभिजेको, दानादार हुनु पर्नेछ।<br>४.२ कुनै पनि किसिमको धुलो र अन्य कसिंगर नमिसाइएको हुनु पर्नेछ।<br>४.३ बाह्य पदार्थ र फोहर मैला नभएको हुनु पर्नेछ।<br>४.४ नेपाल सरकारद्वारा इजाजत प्राप्त उद्योग वा कम्पनीबाट उत्पादित र नेपाल सरकारले तोकेको |

| | | |
|---|---|---|
| | | गुणस्तरको परिधी भित्र परेको हुनु पर्नेछ। |
| ५ | **नुन** | ५.१ आयोडिनयुक्त धुलो र बन्द प्याकेटवाला (उत्पादक कम्पनीबाटै सिलबन्दी भएको) हुनु पर्नेछ।<br>५.२ कुनै पनि किसिमको धुलो, माटो, गिर्खा, ढुङ्गा आदी नमिसाइएको हुनु पर्नेछ।<br>५.३ बाह्य पदार्थ र फोहोर मैला नमिसाइएको हुनु पर्नेछ।<br>५.४ नभिजेको हुनु पर्नेछ।<br>५.५ नेपाल सरकारद्वारा इजाजत प्राप्त उद्योग वा कम्पनीबाट उत्पादित र नेपाल सरकारले तोकेको गुणस्तरको परिधी भित्र परेको हुनु पर्नेछ। |
| ६ | **चियापत्ति** | ६.१ बिभिन्न बाहिरी अखाद्य पदार्थ तथा रंग नभएको हुनु पर्नेछ ।<br>६.२ बास्नादार र दानादार हुनु पर्नेछ ।<br>६.३ कडा रंग आउने हुनु पर्नेछ ।<br>६.४ कुनै किसिमको ढुसी ओस र छेस्काहरु नभएको हुनु पर्नेछ ।<br>६.५ दाना धेरै ठुलो र भद्धा हुनु नहुने तर चिया छान्ने जालीबाट नछिर्ने हुनु पर्नेछ ।<br>६.६ उत्पादक कम्पनीबाटै सिलबन्दी भएको हुनु पर्नेछ ।<br>६.७ नेपाल सरकारद्वारा इजाजत प्राप्त उद्योग वा कम्पनीबाट उत्पादित र नेपाल सरकारले तोकेको गुणस्तरको परिधी भित्र परेको हुनु पर्नेछ । |
